म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३३५ | बुधवार २९ असार २०७९ | ने. सं. ११४२ दिल्लाथ्व | 13 July, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

प्रदेश खारेजको माग गर्नेलाई अन्दोलनमा जान मन्त्रीको सुझाव

हेटौंडा, २८ असार/ बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्री बसुन्धरा हुमागाईले प्रदेश खारेज गर्नुपर्ने माग राख्नेलाई व्यवस्था परिवर्तनको आन्दोलनमा जान सुझाव दिएका छन् । प्रदेश खारेज गर्नुपर्छ भन्नेहरुको रोदन देखिएको भन्दै कमिकमजोरी भए सच्याएर जान सकिने मन्त्री हुमागाईले बताएका छन् । प्रदेश तह जनताको आधारभूत आवश्यकताको परिपूर्ति गर्न संविधानअनुसार पुलको काम गरिरहेको उनको दाबी छ । 'प्रदेश तह जसले जनताको आधारभूत आवश्यकताको परिपूर्ति गर्न संविधानअनुसार पुलको काम गर्छ उसैलाई खारेज गर्नुपर्छ भन्ने सुनियो, केही रोदन पनि देखियो', उनले भने ।

प्रदेशभित्र जहाँजहाँ कमिकमजोरी भएका छन् त्यहाँ सच्याएर जाँदा नै सबैको भलो रहेको उनको भनाइ छ । 'अगामी निर्वाचनमा भोट बटुल्न गफ गर्ने होइन यो व्यवस्था सहि छ भन्ने चुनावमा जाऊँ, गलत छ भन्ने आन्दोलनमा व्यवस्था परिवर्तनका लागि जान सुझाव दिन चाहान्छु', मन्त्री हुमागाईले थपे । संघीयता मर्म अनुसार सबैले पूर्ण कार्यान्वयन गरेर अगाडि बढे २० वर्षमा सबै नागरिकको जिवनस्तर परिवर्तन हुने उनको दाबी छ ।

महंगीको मारले सरकारकै करोडौंका योजना अलपत्र

साझाकुरा संवाददाता

हेटौंडा, २८ असार/ मुलुकमा दैनिकरुपमा भइरहेको मूल्यवृद्धिले आमनागरिकलाई मात्रै होइन सरकारको कामलाई पनि प्रभावित पारेको छ ।

पछिल्लो समय नेपालमा दैनिकरुपमा भइरहेको मूल्यवृद्धिको मारमा आमनागरिकसँगै सरकारकै योजनाहरु पनि परेका हुन् । दैनिक उपभोग्य सामाग्रीसँगै निर्माण सामाग्री पनि आकाशिदो मूल्यले गर्दा बागमती प्रदेश सरकारको योजनाहरु प्रभावित बनेका छन् ।

निर्माण सामाग्रीमा भएको मूल्यवृद्धिकै कारण चालु आर्थिक वर्षमा सम्पन्न हुनुपर्ने प्रदेश सरकारको साना तथा ठूला सयौं योजनाहरु अलपत्र अवस्थामा रहेका छन् । चालु आर्थिक वर्षको असार मसान्तसम्म काम सम्पन्न गर्ने भन्दै सम्झौता गरेका निर्माण व्यवसायीहरु यतिबेला मूल्यवृद्धिलाई कारण देखाउँदै काम सम्पन्न गर्न नसक्ने बताइरहेका छन् ।

बागमती प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयको अनुसार महंगीकै कारण प्रदेश सरकारकै सयौं योजना अलपत्र परेको जनाएको छ । बजारमा बढेको महँगीअनुसार सरकारले मूल्य समायोजन नगरेको भन्दै निर्माण व्यवसायीले काम नगर्दा प्रदेश सरकारको साना तथा ठूला योजनाहरू अलपत्र परेको मन्त्रालयले बताएको हो । सरकारले मूल्यवृद्धि समायोजन नगरेको भन्दै निर्माण व्यवसायीहरूले प्रदेश सरकारसँग काम सम्पन्न गर्न ठेक्का लिइसकेको आयोजनाहरूको काम रोकेका हुन् ।

मन्त्रालयका प्रवक्ता नविन सिंहका अनुसार कतिपय योजना ठेक्का लिएर पनि सुरु गरिएको छैन भने कति योजना सुरु गरेर बीचमै अलपत्र छोडिएको छ । प्रवक्ता सिंहले चैतको अन्तिमबाट नै प्रदेश सरकारको कतिपय योजनाहरूको निर्माण कार्य रोकिएको बताए । 'महँगीको मारमा सरकारकै योजनाहरू परेका छन् । चैतबाट धेरै निर्माण व्यवसायीले महँगीकै कारण सरकारको काम नै रोकिदिएका छन्', उनले भने ।

सिंहका अनुसार पूर्वाधार विकास कार्यालय सिन्धुपाल्चोकले महँगीले गर्दा १० वटा योजना प्रभावित भएको जनाएको छ । कार्यालय मातहतबाट भइरहेको मुडे बाघखोर कलापानी सडक स्तरोन्नति आयोजना, दोलखा, बाह्रबिसे धुस्कुन

पिस्कर सडक स्तरोन्नति आयोजना, सिन्धुपाल्चोक, किलो अत्तरपुर लिसंखु सडक आयोजना, सिन्धुपाल्चोक, चौतारा सिपाघाट कात्तिके काठमाडौं (ज्याडही-देउराली खण्ड) सडक, सिन्धुपाल्चोक-सिताकोथान-ज्ँगुँ ज्याँकु गाउँपालिका सडक स्तरोन्नति आयोजना, दोलखा-नौबिसे-चौतारा सडक, सिन्धुपाल्चोक-भटमासे-जिलु सडक, दोलखा-चर्नावती खोला सडकपुल आयोजना, दोलखा र चरिकोट कालिञ्चोक (देउराली कुरी खण्ड) सडक, निर्माण कार्य महँगीले गर्दा प्रभावित बनेको छ ।

प्रदेशिक सडक डिभिजन कार्यालय धादिङले महँगीले एकसय ८० वटा योजनाहरू प्रभावित भएकोमा ९ वटा बहुवर्षीय योजना बढी प्रभावित बनेको जनाएको छ । कार्यालयका प्रमुख मदन आलेका अनुसार पाल्पाभञ्ज्याङ साधभञ्ज्याङ सडक, रुबिभ्याली गाउँपालिका पुरने बोराड-सेर्तुङ सडकखण्ड, पुष्पलाल प्रदेश चक्रपथ, कागेश्वरी गोठडाँडा खेस्ते वीरबहादुरको घर वायुगाउँ टुक्टिङ कोहलिखर्क सडक, नीलकन्ठ ३ नवदुर्गा गणेश मन्दिर थोपलखोला र नीलकन्ठ १२ बीचको पक्की पुल, लिस्ने खोला पुल, कालिदह पुल सिद्धलेख १ र ५ जोड्ने, दार्खाखोला पुल, सान्कोश तिप्लिङ सडक र नेत्रावती १ र गंगाजमुना ४ जोड्ने साप्टारी साल्दुङ झोलुंगे पुल निर्माण कार्य महँगीले गर्दा प्रभावित बनेको बताए ।

उनले महँगीले गर्दा पूर्ण रुपमा काम नै रोकिएको नभए पनि काममा धेरै नै ढिलासुस्ती भएको बताए । उनको अनुसार विशेषगरी पुल निर्माणको काम बढी प्रभावित बनेको छ । पुलको लागि रड र सिमेन्ट चाहिने तर, पछिल्लो तीनै वस्तुको मूल्य अत्यधिक बढेकाले पुल निर्माणको काम बढी प्रभावित बनेको उनको भनाइ छ ।

पूर्वाधार विकास कार्यालय चितवनले पनि महँगी र अन्य विविध कारणले चालु आर्थिक वर्षमा बहुवर्षीय तथा साना एकसय ४१ वटा योजना निर्माण कार्य सम्पन्न गर्न नसक्ने मन्त्रालयलाई लिखित पत्र नै लेखेर जानकारी गराएको छ ।

त्यस्तै गरी, पूर्वाधार विकास कार्यालय रामेछापबाट भइरहेको ७ वटा बहुवर्षीय योजनाको निर्माण कार्य मूल्यवृद्धिले गर्दा अलपत्र परेको छ । खानी खोला पुल, मन्थली गल्था चौरी सडक, खिम्ती बेतली धारापानी सडक, कालोचौतारा सिंगटी गल्भ सडक, सिक्टा भीरपानी सडक, लिखु करिडोर र मन्थली गाईखुरा सडकखण्डको निर्माण कार्य महँगीले गर्दा हुन सकेको छैन ।

प्रदेशिक सडक डिभिजन कार्यालय सिन्धुलीले पनि बहुवर्षीय योजनामा रहेर काम भइरहेको १४ वटा योजनाहरूको निर्माण कार्य महँगीले गर्दा हुन नसकेको जनाएको छ । कार्यालयले क्यान खोला सडक पुल, क्यनेस्वर क्वाटर, सिन्धुली-आरुबोटे खोला पुल, सुनकोशी, मरिण खोलामा पक्कि पुल (हरिहरपुर गापा-२ को वाखफर र वडा-४ को हाकपुर जोड्ने सडक), सिन्धुली, कमलामाई नगरपालिका-९ र १० जोड्ने सडकको कमला नदिमा पक्की सडक पुल, सिन्धुलीगढी मभुवा काफलचौरी दुम्जा सडक आयोजना, सिन्धुली, भिमस्थान चकमके उदयपुर कटारी सडक (दोस्रो खण्ड), सिन्धुली, भिमस्थान चकमके उदयपुर कटारी सडक, घाँसा कल्लेरी मालुखोला सडक दोलखा, सुकुटे चापागाउँ मेलडाँडा थोकार्पा भञ्ज्याङ्ग सडक, सिन्धुपाल्चोक, फिल्मसिटी एक्सेस सडक (कालोपत्र कार्य), दोलखा, जगाडी धनसरि सडक कालोपत्रे, सिन्धुली, बौलाखोला पक्कीपुल निर्माण कनपा, पातीपरान खोला स्न्याब कज्वे, कमला नगरपालिका र लुङ्लिटार दुम्की ठाक्ले बाँसकटेरी सडक, सिन्धुलीको योजना अलपत्र परेको जनाएको छ । तीन वर्षदेखि सिन्धुलीको कमलानदी पुल निर्माण गरिरहेको सूर्या एण्ड सन्स प्रालिका डाइरेक्टर निभि श्रेष्ठ निर्माण सामाग्रीमा भएको मूल्यवृद्धिले काम गर्न सकस भइरहेको बताउँछन् ।

सम्झौता गरिसकेपछि सरकारसँग थप बजेट पनि मागन नमिल्ने र सम्झौता गरेको बजेटमा काम सम्पन्न पनि गर्न नसक्ने अवस्था रहेको उनको दुखेसो छ । श्रेष्ठले पुलका लागि आवश्यक पर्ने रडमा अत्यधिक मूल्यवृद्धि भएको बताए । उनले आफ्नो पुल निर्माणको ठेक्का लिंदा ६८ रुपैयाँ प्रतिकिलो रहेको रडको मूल्य अहिले एकसय ३० रुपैया पुगेको बताए । उनले निर्माण सामाग्रीमा मूल्यवृद्धि सम्झौता भएको निर्धारित समयमा काम सम्पन्न गर्न पनि नसकेको बताए ।

सरकारले निर्माण व्यवसायीसँग जेठ १३ मा वार्ता गरेर व्यवसायीका समस्या सम्बोधन गर्ने सहमतिसमेत गरिसकेको छ । सरकारले सार्वजनिक खरिद नियमावलीमा १२ औं संशोधन गरेर व्यवसायीको माग सम्बोधन गर्ने आश्वासन दिएको भएपनि व्यावहारिक कार्यान्वयन नहुँदासम्म विकास निर्माण ठप्प नै हुने निर्माण व्यवसायीहरूको भनाइ छ ।

महालक्ष्मी बैंकद्वारा छात्रवृत्ति प्रदान

साझाकुरा संवाददाता

हेटौंडा, २८ असार/ महालक्ष्मी विकास बैंकले स्व. अशोक श्रेष्ठ महालक्ष्मी मेरिट छात्रवृत्ति प्रदान गरेको छ ।

बैंकले स्व. अशोक श्रेष्ठ महालक्ष्मी मेरिट छात्रवृत्ति हेटौंडा १ स्थित अमर माध्यामिक विद्यालयमा कक्षा ८ मा अध्ययनरत छात्रा सुमिना भोञ्जनलाई प्रदान गरेको हो । बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत छात्रवृत्ति प्रदान गरेको जनाएको छ । बैंकले एक कार्यक्रमका बीच छात्रबृत्ति बापतको रकम पचास हजार रुपैयाँ भोञ्जनलाई हस्तान्तरण गरेको छ । कार्यक्रम महालक्ष्मी विकास बैंक हेटौंडा शाखाका शाखा प्रबन्धक सम्भु प्रसाद पराजुलीको सभाध्यक्षता एवं हेटौंडा १ नम्बर वडा अध्यक्ष सविन न्यौपानको प्रमुख आतिथ्यतामा भएको थियो । कार्यक्रममा स्व. श्रेष्ठकी धर्मपत्नी निर्मला श्रेष्ठ लगयतको उपस्थिति थियो ।

राक्सिराङको बजेट सर्वसम्मतीले पारित

साझाकुरा संवाददाता

हेटौंडा, २८ असार/ मकवानपुरको विकट राक्सिराङ गाउँपालिकाको ६२ करोड ३४ लाखको बजेट सर्वसम्मतिले पारित भएको छ ।

मंगलबार भएको बाह्रौ गाउँसभाबाट बजेट सर्वसम्मतिले पारित भएको गाउँपालिका अध्यक्ष राजकुमार मल्ले जानकारी दिए । गाउँसभाको दोस्रो बैठकमा विनियोजन विधेयक २०७९, न्यायिक समितिको सदस्य मनोनयन, आगामी आर्थिक वर्षको राजस्व तथा व्ययको अनुमान, विधायन समिति र लेखा समितिको गठन र चेपाङ संरक्षित क्षेत्र घोषणासम्बन्धी प्रस्ताव पनि पारित गरिएको छ ।

१० असारमा गाउँपालिका उपाध्यक्ष बनसम थिङले ६२ करोड ३४ लाख १५ हजार आनुमानित बजेट सार्वजनिक गरेका थिए । चालुतर्फ ३५ करोड ७५ लाख ७ हजार ५ सय, पूँजीगततर्फ २६ करोड ५९ लाख ७ हजार ५ सयको खर्च अनुमान गरिएको छ ।

राक्सिराङलाई संघीय सरकारबाट ४३ करोड ५५ लाख १७ हजार, प्रदेश सरकारबाट ९ करोड ५७ लाख ५८ हजार विभिन्न शीर्षकका बजेट प्राप्त भएको उपाध्यक्ष थिङले बताए । ९ करोड २१ लाख ४० हजार गाउँपालिकाको आन्तरिक आम्दानी अनुमान गरिएको छ । बजेटले पूर्वाधार विकास, शिक्षा, कृषिका क्षेत्रमा प्राथमिकताले बजेट बिनियोजन गरिएको उपाध्यक्ष थिङले जानकारी दिए ।

यातायात पूर्वाधार र मातहतका कार्यालयको खर्च साढे ७ अर्ब

साझाकुरा संवाददाता

हेटौंडा, २८ असार/ चालू आर्थिक वर्ष २०७८/०७९ मा पूर्वाधार विकासमा सबैभन्दा धेरै बढी बजेट बिनियोजन गरेर काम गरिएको बागमती प्रदेशमा ६१ दशमवल २८ प्रतिशत मात्रै खर्च भएको छ ।

प्रदेशको यातायात पूर्वाधार निर्देशनालय हेटौंडा र निर्देशनालय मातहतका कार्यालयले चालू आवमा ६१ दशमलव २८ प्रतिशत खर्च गरेको हो । चालू आवमा ७ अर्ब ४२ करोड ७१ लाख ७८ हजार २ सय ९७ रुपैयाँ मात्र खर्च गरेको जनाइएको छ । प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयले निर्देशनालय र मातहतका कार्यालयका लागि १२ अर्ब १२ करोड ९ लाख ६६ हजार रुपैयाँ बजेट छुट्याएको थियो ।

चालु आर्थिक वर्षमा प्रदेशको यातायात पूर्वाधार निर्देशनालय हेटौंडाले भने ८८ दशमलव ६१ प्रतिशत बजेट खर्च गरेको सूचना अधिकारी हरिप्रसाद ओझाले जानकारी दिए । उनका अनुसार निर्देशनालयले ४९ करोड ४४ लाख ४ हजार २ सय ४५ रुपैयाँ खर्च गरेको छ । तत्कालीन एमाले सरकारले निर्देशनालयका लागि ५५ करोड ७९ लाख ३२ हजार रुपैयाँ उपलब्ध गराएको थियो । पूर्वाधार विकास कार्यालय चितवनले ५९ दशमलब ८४ प्रतिशत मात्र खर्च गरेको छ ।

पूर्वाधार कार्यालय सिन्धुपाल्चोकले ६० दशमलब २९ प्रतिशत, पूर्वाधार कार्यालय

ललितपुरले ५७ दशमलब ४८ प्रतिशत, पूर्वाधार कार्यालय रामेछापले ५४ दशमलब ९९ प्रतिशत, पूर्वाधार कार्यालय काभ्रेले ५३ दशमलब ९६ प्रतिशत, पूर्वाधार कार्यालय नुवाकोटले ६० दशमलब ८५ प्रतिशत, प्रादेशिक सडक डिभिजन कार्यालय धादिङले ५७ दशमलब १४ प्रतिशत, प्रादेशिक सडक डिभिजन कार्यालय सिन्धुलीले ७८ दशमलब २१ प्रतिशतमात्र रकम खर्च गरेको ओझाले जानकारी दिएका छन् । सबैभन्दा ठूलो बजेट यातायात निर्देशनालय र मातहतका कार्यालयमा पठाइएको थियो ।

जबकि विभाजित मन्त्रालयभन्दा बढी बजेट निर्देशनालय र मातहतका कार्यालयमा गएको थियो । निर्देशनाल र मातहतका कार्यालयले अपेक्षाअनुसारको खर्च गर्न नसकेका हुन् ।

फेन्सिङ टोली इजिप्ट जाँदै

काठमाडौं, २८ असार (रासस)/ विश्व फेन्सिङ च्याम्पियनशिपमा सहभागी हुन सात खेलाडीसहित १० सदस्यीय नेपाली टोली बुधबार इजिप्टको काइरो प्रस्थान गर्दैछ । प्रतियोगितामा पाँच पुरुष र तीन महिला खेलाडीले प्रतिस्पर्धा गर्नेछन् ।

सहभागी हुने पुरुष खेलाडीमा पायस योञ्जन, दिनेशबहादुर पाण्डेय, राजेन्द्र गजुरेल, सुकीराम तामाङ र भीष्मराज दाहाल तथा महिला खेलाडीमा अनिता कार्की, जानुका स्याङ्तान र उषा खड्का छन् । विशेष प्रशिक्षणका लागि योञ्जन इजिप्ट प्रस्थान गरेका छन् ।

यसै टोली प्रमुखमा हेल्गा राणा रायमाझी, अफिसियलमा सुजनलाल श्रेष्ठ र प्रशिक्षकमा अभिषेक कार्की छन् । टोलीलाई सफलताको शुभकामना दिँदै राष्ट्रिय खेलकुद परिषद् (रासेप) का सदस्य-सचिव टंकलाल घिसिङले एक कार्यक्रमबीच बिदाइ गरे ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

पशुपतिनाथ माविमा शैक्षिक सामग्री निर्माण तालिम

साझाकुरा संवाददाता

हेटौंडा, २८ असार/ मकवानपुरको पश्चिमी क्षेत्र मनहरी गाउँपालिकामा रहेकोपशुपतिनाथ माविमा शिक्षकहरुका लागि शैक्षिक सामग्री निर्माणसम्बन्धी तालिम भएको छ ।

मनहरी-४ मसिनेस्थित विद्यालयमा तालिम समापनका अवसरमा पशुपतिनाथ माध्यमिक विद्यालय व्यवस्थापन समिति अध्यक्ष माधव गौतमले तालिममा सिकेका विषयबस्तुले शिक्षकको क्षमता र दक्षतामा बल पुग्ने विश्वास लिए । पशुपतिनाथ माविसँगै आधार विद्यालयहरु चेपाङ प्राबि, सुजना प्राबि र नवज्योति प्राविका शिक्षकहरुको पनि तालिममा सहभागिता रहेको थियो ।

विकासका लागि सहयोग र सहकार्य (हेल्पकोड) नेपालका कार्यक्रम संयोजक भिनप्रसाद रिजालले सहजीकरण गरेको तालिममा ४ वटा विद्यालयका १८ जना शिक्षकको सहभागिता रहेको थियो ।

पशुपतिनाथ माविका प्रधानाध्यापक भानुभक्त आचार्य, शिक्षक रामचन्द्र तिमल्सिना, ईश्वर रिजालले तालिममा सिकेका बिषयलाई व्यवहारमा उतार्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

हेटौंडाबाट खैरो हेरोइनसहित तीन जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २८ असार/ मकवानपुर प्रहरीले हेटौंडाबाट लागूऔषध खैरो हेरोइन ओसारपसार गरेको आरोपमा फरक-फरक स्थानबाट तीन जनालाई पक्राउ गरेको छ ।

हेटौंडा-१६ हटिया त्रिशुलेस्थित धरान-चतरा सडक खण्ड अस्थायी प्रहरी पोष्टबाट खटिएको टोलीले एक व्यक्तिलाई पक्राउ गरेको हो । चिसापानी चोकबाट हर्नामाडीतर्फ शंकास्पदरुपमा पैदल हिँडिरहेको अवस्थामा हेटौंडा उपमहानगरपालिका १६ चिसापानी बस्ने ३४ वर्षीय विकराज विकलाई नियन्त्रणमा लिएको प्रहरीले जानकारी दिएको छ । उनको साथबाट लागूऔषध खैरो हेरोइन जस्तो देखिने खैरो धुलो पदार्थ ४० मिलिग्राम फेला परेको प्रहरीले जनाएको छ । यसैगरी,

खैरो हेरोइनसहित हेटौंडा-१० मित्रमार्गको सडकमा शंकास्पदरुपमा बसिरहेको अवस्थामा सोही वडामा बस्ने ३७ वर्षीय रञ्जित आले मगरलाई पनि पक्राउ गरिएको छ ।

मगरलाई जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएको हो । मगरको साथबाट लागूऔषध खैरो हेरोइन जस्तो देखिने खैरो रङको धुलो पदार्थ ४० मिलिग्राम फेला परेको प्रहरीले जनाएको छ । प्रहरी चौकी हेटौंडा बसपार्कबाट खटिएको टोलीले १० नम्बर वडाको बसपार्कबाट अर्को एक जनालाई पनि पक्राउ गरेको छ । हेटौंडा-२ बस्ने ४८ वर्षीय उज्वलकृष्ण मानन्धरलाई खैरो हेरोइन जस्तो देखिने १ सय मिलिग्राम खैरो रङको धुलो पदार्थसहित फेला पारी नियन्त्रणमा लिइएको मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए ।

साझाकुरा

हाम्रो कुरा

आदिकवि भानुभक्तप्रति श्रद्धा

आदिकवि भानुभक्त आचार्यको २ सय ८ औं जन्मजयन्ती आज असार २९ गते देशभर विविध कार्यक्रमका साथ मनाइँदैछ । भानुभक्त आचार्य नेपाली साहित्यका आदिकवि मानिन्छन् । उनको जन्म वि.सं. १८७१ असार २९ गते तनहुँको चुँदीवेशीको रम्घा गाउँमा भएको हो । परम्परागत संस्कृत शिक्षा र ज्योतिषको अध्ययन गरेका आचार्यले साहित्यिक लेखनका प्रेरणा स्रोत घाँसीबाट पाएका थिए । आचार्यका अनुदित कृतिहरुमा रामायण महाकाव्य, प्रश्नोत्तरमाला र रामगीता काव्य रहेका छन् । अन्य कृतिहरुमा बधुशिक्षा, भक्तमाला र फुटकर कविताहरु पनि छन् । आचार्यका कृतिहरुमा नेपालीपन, नेपाली संस्कृति र नेपाली कला झल्किएको छ । यिनै कला र संस्कृतिको संरक्षण गरेकाले भानुभक्त आचार्यलाई २०२४ सालमा सरकारले राष्ट्रिय विभूतिको उपाधि दिएको थियो । भानु जयन्ती नेपालसहित नेपाली भाषाभाषीले थुप्रै क्षेत्रमा उत्साहका साथ मनाउँछन् ।

भानुभक्तले नेपाली सरल भाषामा बहुप्रचलित र अत्यन्त लोकप्रिय धार्मिक ग्रन्थ रामायणलाई नेपाली भाषामा अनुवाद गरेर नेपाली जनतालाई उपहार दिएका छन् । आज पनि ग्रामीण नेपाली समाजमा भानुभक्त रचित रामायणका श्लोकहरु कण्ठस्थ वाचन गर्ने गरिन्छ । उनले नेपाली भाषामा अरु धेरै कृतिहरु लेखेको भएता पनि रामायणले जति लोकप्रियता अरु कुनै ग्रन्थले प्राप्त गर्न नसकेको कुराको इतिहास साक्षी छ । तत्कालीन नेपाली समाज शिक्षाको कमी, अज्ञानता र अन्धविश्वासले जकडिएको थियो । शिक्षा सर्वसुलभ थिएन र यातायात तथा सञ्चारका साधनहरु पनि थिएनन् । त्यस्तो प्रतिकूल परिस्थितिहरुलाई चिर्दै भानुभक्तले नेपाली जनजिब्रोमा बोल्ने गरिएको सरल नेपाली भाषामा रामायणको अनुवाद गरेकै कारण उनलाई आदिकविको सम्मान दिइएको हो । नेपाली भाषा र साहित्यको एकैसाथ सेवा गरेर उनले नेपाली जनतालाई ठूलो गुन लगाएका छन् ।

भानुभक्त आचार्य नेपाली साहित्यका आध्यात्मिक एवम् धार्मिक प्रवृत्तिका कवि हुन् । उनले रामायण महाकाव्य लेखेर नेपाली जनमानसमा रामभक्तिको भावना फैलाएका हुन् । नेपाल विभिन्न जनजातिको साझा फूलबारी हो । विखण्डित नेपाललाई सिङ्गो नेपालमा परिणत गर्न पृथ्वीनारायण शाहको जस्तो देन छ, त्यस्तै भानुभक्तको नेपाली साहित्यमा ठूलो योगदान रहेको छ । आचार्यले नेपाली साहित्यको जग हालेका छन् । भाषिक एकताका प्रतीक बन्न पुगेका छन् । आचार्य नेपाली साहित्यका आदिकवि हुन् र एक महान् अमर विभूति पनि । त्यसैले आचार्यको जन्मदिनको अवसरमा एकदिन औपचारिक कार्यक्रम गरेर सम्झनुभन्दा हरेक दिन उनका सिर्जना र साहित्यको स्मरण गरी अगाडि बढ्दा साँचो अर्थमा उनीप्रतिको श्रद्धा प्रकट गरेको ठहरिनेछ । आदिकवि भानुभक्त बहुआयामिक व्यक्तित्व भएको कुरा उनका समग्र रचनाले पुष्टि गरेको छ । बहुभाषाभाषी हाम्रो मुलुकका जनतामा पर स्पर सम्बन्ध सूत्र जोड्न आधार निर्माण गर्ने आधार व्यक्ति भानुभक्तको योगदान आजको संघीय गणतन्त्रात्मक लोकतन्त्र नेपालमा उत्तिकै सान्दर्भिक छ । भानुभक्तका योगदानको स्मरणसँगै सम्मान गर्ने परम्परा अगाडि बढाउँदामात्र अन्य भाषाका आदिपुरुषहरुको पनि स्मृति र सम्मान गर्ने परम्परा विकसित हुँदै जानेछ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मकवानपुर प्रहरी		एम्बुलेन्स सेवा	
प्रहरी कन्ट्रोल:	१००	नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
जिल्ला ट्राफिक:	५२०५९९	हेटौंडा अस्पताल:	५२०३०५
वडा प्रहरी:	५२०२९९	परिवार नियोजन संघ:	५२०७४५९८४५१०४५००
पशुपतिनगर इलाका:	५२०५९८	मनहरी रेडक्रस:	९८४५१०५८२१
पालुङ इलाका:	६२०४६७	छतिवन रेडक्रस:	९८६१६२२३११
मनहरी इलाका:	९८५५०९०१६१	भीमफेदी रेडक्रस:	६२०६९९
इलाका फापरबारी:	६२१९८०	पालुङ रेडक्रस:	९८१४२०७४०१
इलाका भीमफेदी:	६९१४६२	बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
इलाका ठिंगन:	९८४५२९९३८१	सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५१९१९४
चौकीटोल चौकी	९७४२५५९५०१	बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
चित्लाङ चौकी:	६९२०००	बारुण यन्त्र:	१०१
चौघडा चौकी	९८४४०५४६०४	बाल हेल्पलाइन नेपाल:	१०९८
नेवारपानी चौकी:	९७५५०००२९९	माइती नेपाल:	५२१०५०
फाखेल चौकी:	९८४५०३१३९८	अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५
पदमपोखरी चौकी:	९८४५०९९७८९		

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७९ असार ३० गते बिहीबार १४ जुलाई २०२२ । श्रावण कृष्णपक्ष प्रतिपदा । दिल्लाथ्व ११४२ । सूर्योदय: ५:१८, सूर्यास्त: ७:०० मा हुनेछ ।

आजको राशिफल

मेष	: मनोरञ्जन प्राप्त हुनेछ	तुला	: शुभ नतिजा आउनेछ
वृष	: समयले साथ दिनेछ	वृश्चिक	: दिन रमाइलो हुनेछ
मिथुन	: रमाइलोमा दिन बित्नेछ	धनु	: मन खिन्न हुनेछ
कर्कट	: काम अपुरै रहने देखिन्छ	मकर	: घाउचोट लाग्न सक्नेछ
सिंह	: जोश जागर आउनेछ	कुम्भ	: जगगा जमिनबाट लाभ हुनेछ
कन्या	: समयले साथ दिनेछ	मीन	: सोचेभन्दा बढी खर्च हुनेछ

वर्तमान सरकारको एक वर्ष

बिजुली व्यापारदेखि बुढीगण्डकी स्वदेशी लगानीसम्म

रमेश लम्साल

लामो समयदेखि केवल चर्चामा सीमित बुढीगण्डकी जलविद्युत् आयोजना स्वदेशी लगानीमा निर्माण गर्नेदेखि बिजुली निर्यातलगायतका काममा वर्तमान सरकार गठन भएपछि उल्लेख्य प्रगति भएको छ ।

यस्तै, चालु आवमा नै राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनासमेत पूर्ण रुपमा सञ्चालनमा आएको छ । वर्तमान सरकार गठन भएपछि मुलुकको ऊर्जा क्षेत्रको विकास र समृद्धिमा महत्वपूर्ण प्रगति भएको छ । एक वर्षको अवधिमा सरकारले ऊर्जा क्षेत्रमा देखिने र अनुभव गर्ने गरी कार्य गरेको छ । त्यसले नेपालको अर्थतन्त्रको विकासमा दीर्घकालीन प्रभाव पर्नेछ ।

वर्तमान सरकारले गरिबमुखी ऊर्जा खपतको अवधारणालाई अगाडि ल्याएको छ । झण्डै २५ लाख ग्राहकले २० युनिटसम्म बिजुली प्रयोग गर्दा रु ३० मात्रै तिरे पुग्ने प्रबन्ध गरिएको छ । विद्युतीय सवारीको प्रवर्द्धनदेखि भान्छा विद्युतीय चुल्होका प्रयोगसम्मलाई रणनीतिक रुपमा अगाडि बढाएको छ । सरकारले 'विदेशी ग्यास छाडौं, स्वदेशी बिजुली उपभोग गरौं' भन्ने योजनालाई पूर्ण रुपमा कार्यान्वयनमा लगेको छ । यस अवधिमा निजी क्षेत्रले धमाधम जलविद्युत् आयोजना निर्माण गरिरहेका छन् भने प्रणालीमा बिजुली थप हुने क्रम पनि बढ्दै गएको छ ।

विद्युत् व्यापारमा फड्को

सरकार र विशेष गरी ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालको निरन्तर सक्रियताका कारण वर्षयाममा खेर जाने बिजुलीको निर्यात सुरु भएको छ । यसले नेपालको ऊर्जा क्षेत्रको विकासमा नयाँ क्षितिज उघ्रेको छ । यसबाट निजी क्षेत्र उत्साहित भएको छ ।

गत जेठ १९ गतेदेखि भारतको इनर्जी एक्सचेञ्ज मार्केट (आइएक्स) मा ३९ मेगावाट बिजुली निर्यात सुरु भएको थियो । जेठ २७ गतेदेखि दैनिक ३६४ मेगावाट बराबरको बिजुली निर्यात सुरु भएको छ । वर्तमान सरकार गठनभएपछि ऊर्जा क्षेत्रमा भएको सबैभन्दा ठूलो उपलब्धिका रुपमा यसलाई लिन सकिन्छ । बिजुलीको निर्यातबाट दैनिक प्राधिकरणले रु १२ करोड बढी आम्दानी गरेको छ । असार १७ गतेसम्मको विवरणअनुसार कूल रु एक अर्ब ७२ करोड बढी आम्दानी गरिसकेको थियो । हालसम्म आइपुग्दा साढे दुई अर्ब बढी रकम बराबरको बिजुली निर्यात भइसकेको छ । भारतसँग चुलिएको व्यापार घाटा बिजुली निर्यातबाट त्यसलाई केही कम गर्न सकिने अवस्थाको सिर्जना भएको छ ।

अघिल्लो वर्ष दैनिक ५०० मेगावाट बराबरको बिजुली खेर जाने गरेको थियो । बिजुली खेर जाँदा रु पाँच अर्ब बराबरको क्षति भएको नेपाल विद्युत् प्राधिकरणले जनाएको थियो । त्यसलाई केही ह्रदसम्म रोकेर त्यसलाई आम्दानीको माध्यम बनाउन वर्तमान सरकार सफल भएको छ । यद्यपि, रातको समयमा अहिले पनि केही मात्रामा बिजुली खेर गइरहेको छ । त्यसलाई पनि आम्दानीको स्रोत बनाउन सरकारले प्रयत्न गर्नुपर्ने आवश्यकता छ ।

गत कात्तिकदेखि ३९ मेगावाट बिजुली भारतीय बजारमा औपचारिक रूपमा बिक्री सुरू गरेको प्राधिकरणले आगामी मनसुनमा भने ३६५ मेगावाट बराबरको बिजुली उपलब्ध गराउने भएको छ । प्रधानमन्त्री देउवाले चैत १८ देखि २० गतेसम्म गरेको भारत भ्रमणको क्रममा नेपालको ऊर्जा क्षेत्रका लागि महत्वपूर्ण कोशेढुङ्गा साबित भएको छ ।

मनसुनको बिजुली खेर नजाने सुनिश्चितता भयो । नेपालका विभिन्न नौ वटा आयोजनाको बिजुली भारत निर्यात हुने मार्ग प्रशस्त भएको छ । प्रधानमन्त्री शेरबहादुर शेरबहादुर देउवाले गत चैतमा गर्नुभएको भारत भ्रमणका क्रममा ऊर्जा क्षेत्रमा सहकार्य गर्नेलगायत निर्यातका सन्दर्भमा सहमति भएको थियो । भारतको आइएक्समा २४ घण्टालाई १५/१५ मिनेटको ९६ वटा ब्लकमा विभाजन गरी बजारले तय गरेको प्रतिस्पर्धी दरमा विद्युत्को कारोबार गरिएको छ । त्यसैले हरेक ब्लकको मूल्य फरक-फरक हुने गरेको छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले नेपालले गत वर्षबाट सुरु गरिएको भारतीय प्रतिस्पर्धी बजारमा विद्युत् व्यापार यस वर्षबाट थप प्रभावकारी रुपमा अगाडि बढेको जानकारी दिनुभयो ।

भारतसँगको विद्युत् व्यापार प्रभावकारी रुपमा अगाडि बढेको छ, विदेशी मुद्रा सञ्चितीको चाप परिरहेको हालको अवस्थामा देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको विद्युत् बिक्री गरी विदेशी मुद्रा आर्जन गर्न सफल भएको उहाँको भनाइ छ । यसबाट नेपालको भारतसँगको व्यापार घाटालाई केही कम गर्न र देशको सोधानान्तर बचतमा योगदान पुगेको छ ।

उहाँले चालु आर्थिक वर्षमा करिब रु पाँच अर्ब र आगामी वर्षमा करिब रु २० अर्ब बराबरको विद्युत् निर्यातको प्रक्षेपण गरिएको जानकारी दिनुभयो । भारतसँगको विद्युत् व्यापारले नेपालको जलविद्युत्को विकासमा ठूलो सहयोग पुग्ने बताउनुभयो । पहिलो प्राथमिकता देशभित्रै विद्युत् खपत गर्ने र त्यसका लागि प्रसारण र वितरण प्रणालीका पूर्वाधार संरचनामा राज्यले अझै लगानी बढाउनुपर्ने देखिएको घिसिङको भनाइ छ ।

२४ लाख ग्राहकले पाए महसुल छुट

संविधान प्रदत्त समाजवादको आधार तयार पार्ने लक्ष्यका साथ सरकारले एकै पटक २५ लाख ग्रामीण क्षेत्रका ग्राहकले रु ३० मात्रै तिरे हुने गरी २० युनिट बिजुली प्रयोग गर्न पाउने व्यवस्था गरेको छ । प्राधिकरणका करिब २२ लाख र सामुदायिकमार्फत थप तीन लाख ग्राहकले त्यस्तो सुविधा पाएका छन् । आगामी आवमा त्यसको मात्रामा झनै वृद्धि गर्ने सरकारको तयारी छ । मन्त्री भुसालले विपन्न नागरिकलाई राहत दिने लक्ष्यका साथ त्यस्तो निर्णय गरिएको प्रतिक्रिया दिनुभएको थियो । गत मङ्सिरदेखि नै सो व्यवस्था कार्यान्वयनमा आयो ।

मन्त्री भुसालले कृषि क्षेत्रको उत्पादकत्व बढाउने लक्ष्यका साथ विद्युत् महसुलमा ५० प्रतिशत बराबरको छुट दिने प्रबन्ध गर्नुभएको छ । स्यालो टचवेल सिमान्तकृत र साना कृषकको जीवनस्तर उठाउने मध्यम भएकोले विद्युत् बढी माग हुने समयमा महसुलमा छुट दिइएको छ । त्यस घोषणालाई विद्युत् नियमन आयोगको अनुमतिपछि कार्यान्वयनमा आइसकेको छ ।

सो व्यवस्थाबाट तीन लाख ८८ हजार घरधुरीका कृषकले राहत पाएका छन् । सरकारको यस्तो प्रबन्धपछि स्वतःस्फुर्तरुपमा टचवेल जडानमा प्रोत्साहन मिलेको छ भने सिञ्चित क्षेत्रको विस्तारमा महत्वपूर्ण योगदान पुगेको छ । डिप टचवेलमा विद्युत् बढी माग हुने समयमा महसुलको ५० प्रतिशत र अन्य समयमा ८० प्रतिशत छुट दिइएको छ । त्यसबाट ट्यवेल पूर्ण क्षमतामा सञ्चालन हुँदा ७५ हजार बढी कृषकले सहज रुपमा कृषि कर्म गर्न पाएका छन् । सतहको पानी लिफ्ट गरेर कृषि कर्म गर्ने किसानलाई विद्युत् बढी माग हुने समयमा ५० प्रतिशत र अन्य समयमा ८० प्रतिशत छुट दिइएको छ ।

तामाकोशीले विएको सन्देश

वर्तमान सरकार गठन भएपछि स्वदेशी लगानीमा निर्माण भएको ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत् आयोजना पूर्णरुपमा सञ्चालनमा आयो । सो आयोजना सम्पन्न हुँदा त्यसले अर्थतन्त्रमा पार्ने सकारात्मक प्रभावका बारेमा कम मानिसलाई मात्रै थाहा थियो ।

प्राधिकरणका अनुसार सो आयोजना सम्पन्न हुँदा मनसुनको समयमा नेपाल बिजुलीमा आत्मनिर्भर हुन पुग्यो । झण्डै पाँच घण्टा पिकिङ गर्न मिल्ने भएकाले पनि सो आयोजना नेपालको ऊर्जा प्रणालीका लागि महत्वपूर्ण साबित भएको छ । विसं २०७८ असार २१ गते सो आयोजनाको सञ्चालनमा आए पनि पूर्ण रुपमा सञ्चालन हुन सकेको थिएन । आयोजना पूर्ण रुपमा सञ्चालनमा ल्याउन वर्तमान सरकार गठन भएपछि थप पहल गरियो ।

स्वदेशी लगानीमा नै निर्माण सम्पन्न भएको सो आयोजनाले नेपालीले पनि ठूला भौतिक पूर्वाधार निर्माणको क्षेत्रमा सार्थक प्रयत्न गर्न सक्छन् भन्ने तथ्य स्थापित गरिदिएको छ । समय र लागत बढी लागे पनि आयोजनाले नेपालको ऊर्जा क्षेत्रमा मानक स्थापना गरेको छ । नेपालको बिजुली बड्गलादेशको बजारसम्म पुऱ्याउनका लागि पनि आवश्यक पहल र प्रयत्न भएको छ ।

बमबाम सम्पन्न बए प्रसारण लाइन

प्राधिकरणका अनुसार लामो समयदेखि अनेक समस्याको चक्रब्यूँहमा फसेका केही महत्वपूर्ण प्रसारण लाइनको निर्माण सम्पन्न भएका छन् । कोशी करिडोर २२० केभी डबल सर्किट प्रसारण लाइन वर्तमान सरकार गठन भएपछि नै पूरा भयो । सो आयोजनाको निर्माण सकिँदा करिब दुई हजार मेगावाट बिजुली प्रवाह गर्न सकिने संरचना तयार भएको छ ।

जग्गा प्राप्ति, वन क्षेत्रको जग्गा प्रयोग, स्थानीयवासीको कानुनी दायराभन्दा बहिरका मागका कारण समस्यामा फसेको सोलु करिडोर १३२ केभी प्रसारण लाइन पनि सञ्चालनमा आएको छ । समुन्द्रटार त्रिशुली १३२ केभी प्रसारण लाइन, दाना कुश्मा प्रसारण लाइनको पहिलो खण्डको काम यसै वर्ष सकिएको छ । धादिङको सिद्धलेक गाउँपालिका र गोरखाको पालुङटार नगरपालिकामा केही टावर निर्माणमा भएको अवरोध फ्वदा काठमाडौं-मर्स्याङ्दी २२० केभी प्रसारण लाइन निर्माण सम्पन्न भएको छ । केही रणनीतिक महत्वका प्रसारण लाइन निर्माण सम्पन्न भएपनि हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी प्रसारण लाइन निर्माण सम्पन्न हुन सकेको छैन । सो प्रसारण लाइन निर्माणको अवरोध यहीं असार २१ गते सर्वोच्च अदालतले मार्गप्रशस्त गरिदिएको छ । यस्तै, भरतपुर-बर्दघाट प्रसारण लाइन अवरोध समेत सर्वोच्च अदालतले खुलाइदिएको छ ।

गर्ज्याङ-खिम्ती प्रसारण लाइन, भरतपुर-बर्दघाट प्रसारण लाइन अझै पूरा भएको छैन । कतै वन क्षेत्रको जग्गा प्रयोगमा जटिलता उत्पन्न भएको छ भने कतै अदालतमा मुद्दा परेका कारण प्राधिकरणले काम गर्न पाएको छैन । यद्यपि, एक दर्जन बढी विभिन्न क्षमताका सबस्टेशन निर्माण सम्पन्न भई सञ्चालनमा आएका छन् ।

नेपालको कूल ९४ प्रतिशत घरधुरीमा प्राधिकरणको केन्द्रीय प्रसारण प्रणाली पुगेको छ । बाँकी रहेका ६० स्थानीय तहमा पनि निकट भविष्यमा नै केन्द्रीय प्रणालीमार्फत बिजुली उपलब्ध गराउन प्रयास जारी छ । कर्णाली प्रदेशका मुगु, हुम्ला, डोल्पा र सुदूरपश्चिम प्रदेशमा पहाडी क्षेत्रमा बिजुली पुऱ्याउनका लागि प्राधिकरणले रु २५ अर्ब बराबरको बजेट खर्च गर्ने गरी आवश्यक प्रबन्ध भएको छ । प्रतिव्यक्ति बिजुली खपत दर पनि ३०० किलोवाट घण्टा बराबर पुगेको छ ।

उच्च क्षमताका प्रसारण लाइनमार्फत बिजुली

प्राधिकरणले यस वर्ष उच्च क्षमताका प्रसारण लाइनमार्फत बिजुली उपलब्ध गराउन अभियान नै सञ्चालन गऱ्यो । प्राधिकरणले १३२ केभी क्षमताका प्रसारण लाइनमार्फत बिजुली उपलब्ध गराउने प्रस्ताव गऱ्यो । प्राधिकरणको नेतृत्वको सार्थक प्रयासका कारण थप ३०० मेगावाट बराबरको थप बिजुली माग हुन पुग्यो ।

बिजुली विदेशमा बिक्री गर्ने होइन, आन्तरिक रूपमा नै खपत बढाउने योजनालाई प्राधिकरणले अभियानका रूपमा अगाडि बढाइयो । प्राधिकरणले पहिलोपटक सिमेन्ट, डन्डी तथा उच्च बिजुली माग हुने ठूला उद्योगहरूलाई १३२ केभी प्रसारण लाइनमार्फत उपलब्ध गराउन थाल्यो । यसैगरी लामो समयदेखि विवादको भूमरीमा फसेको अमेरिकी सहयोग परियोजना एमसिसी गत फागुन १५ गते प्रतिनिधिसभाबाट स्वीकृत भयो । यो पनि नेपालको ऊर्जा क्षेत्रको विकासका लागि कोशेढुङ्गा स्थापित हुने विश्वास लिइएको छ । एमसिसीको सहयोगमा निर्माण हुने ३१२ किलोमिटर लामो ४०० केभी क्षमताको डबल सर्किट प्रसारण लाइनले सात हजार मेगावाट बराबरका आयोजनाका लागि आर्थिक रूपमा सम्भाव्य बनाइदिएको छ ।

७५० मेगावाट बिजुली प्रणालीमा

वर्तमान सरकार गठन भएपछि प्रणालीमा ७५० मेगावाट बिजुली थप भएको छ । चालु आवको बजेटमा कूल एक हजार ३०० मेगावाट बराबरको बिजुली थप हुने प्रक्षेपण गरिएको थियो । त्यसमध्ये विसं २०७८ मा कूल २२ साना ठूला जलविद्युत् आयोजना निर्माण सम्पन्न भए । त्यसबाट कूल ७५० मेगावाट बिजुली थप भएको थियो । वैशाखमा र जेठमा मात्रै थप केही आयोजनाले बिजुली प्रणालीमा थप गरेका छन् ।

सरकारले तय गरेको लक्ष्यको झण्डै ५० प्रतिशतभन्दा बढी हिस्सा बराबरको बिजुली प्रणालीमा थप भइसकेको छ । औद्योगिक घरानाका रूपमा परिचित विशाल समूह र त्रिवेणी समूहको संयुक्त लगानीको ५२.४ मेगावाटको लिखु-४ पनि यसै वर्ष प्रणालीमा थप भयो । आइएमइ समूहको लगानी रहेको मिस्त्री खोलाबाट ४२ मेगावाट, एमभी दुगड समूहको लगानी रहेको २४.२ मेगावाटको लिखु खोला ए पनि निर्माण सम्पन्न भएका छन् । प्राधिकरणका अनुसार २० मेगावाट क्षमताको तल्लो मोदी, ११ मेगावाटको खारेखोला, २५ मेगावाटको सिङटी खोला र अपर चाकुखोला 'ए' बाट २२.२ मेगावाट बिजुली पनि प्रणालीमा जोडियो । जलविद्युत्बाहेक सोलार प्रविधि र चिनी उद्योगबाट पनि बिजुली वर्तमान सरकार गठन भएपछि नै थप भएको हो । प्रणालीमा उपलब्ध भएको बिजुलीको मात्रा हेर्दा यो नै हालसम्मकै उच्च हो । झण्डै ११० वर्षमा नेपालको बिजुलीको उत्पादन एक हजार मेगावाट बराबर को हाराहारीमा रहँदै आएको अवस्थामा एक वर्षमा नै ७५० मेगावाट बिजुली थप हुनु आफैंमा ठूलो उपलब्धि हो । प्रसारण प्रणालीको सहज उपलब्धता हुने हो भने दोर्दी करिडोरबाट मात्रै थप १०० मेगावाट बिजुली तत्कालै थप हुने अवस्था छ । रामेछापमा १९ मेगावाट बिजुली प्रणालीमा उपलब्ध गराउन वैकल्पिक व्यवस्था गरिएको छ । बिजुली उत्पादनमा गुणात्मक वृद्धि भएपछि नेपालको कूल जडित क्षमता दुई हजार ३०० मेगावाट बराबर पुगेको छ । तामाकोशी निर्माण सम्पन्न हुनु अगाडि वर्षाको समयमा भारतबाट बिजुली आयात गर्नुपरेको थियो ।

वर्षायाममा बिजुली खेर जाने तथा हिउँद लागेपछि भने बिजुलीको हाहाकार देखिने अवस्था पनि देखियो । रूस र युक्रेनको संघर्षको बाछिटा नेपालको ऊर्जा क्षेत्रमा समेत पर्न गयो । एकातिर अन्तर्राष्ट्रिय बजारमा कोइलाको अभाव देखियो भने इन्धनको मूल्यवृद्धिको असर पनि उत्तिकै पर्न गयो । बिजुलीको महसुल घटे पनि प्राधिकरणले प्राविधिक चुहावटमा गरेको कडाइ, बक्यौता भुक्तानी गराउन चालेको प्रयास, चोरी नियन्त्रणमा गरेको कारबाहीका कारण चालु आवको छ महिनामा नै रु १२ अर्ब बराबरको नाफा कमाउन सफल भयो ।

कुलमानलाई प्राधिकरणको जिम्मा

वर्तमान सरकार गठन भएपछि प्राधिकरणको कार्यकारी निर्देशकका रूपमा पुनः घिसिङको प्रवेश भयो । झण्डै एक वर्षपछि प्राधिकरण फर्किएका घिसिङले बिजुलीको खपत बढाउनेलगायत केही रणनीतिक योजना अगाडि सार्नुभएको छ ।

सरकारले उहाँलाई चार वर्षका लागि प्राधिकरणको नेतृत्व सम्हाल्ने अवसर दिएको छ । विसं २०७७ भदौ २९ गते पहिलो कार्यकाल सम्पन्न गरी बिदा भएका घिसिङ २०७८ साउन २७ गते दोस्रोपटक प्राधिकरणको कार्यकारी निर्देशकको रूपमा पुनः फर्केर आउनुभयो । पहिलो कार्यकालमा लोडसेडिङको अन्त्य गरेर जति लोकप्रियता कमाएका घिसिङको दोस्रो कार्यालयमा बिजुलीको खपत बढाउने, प्रसारण लाइनको निर्माण एवं विस्तार तथा बढी भएको बिजुली क्षेत्रीय बजारमा पुऱ्याउने लगायतका चुनौती पनि छन् ।

बुढीगण्डकी बनाउन कम्पनी

लामो राजनीतिक रस्साकस्कीका बीचमा सरकारले यही असार १४ गते बुढीगण्डकी जलाशयुक्त आयोजनालाई कम्पनी मोडलमा निर्माण गर्ने निर्णय गरेको छ । सो आयोजना कम्पनी मोडलमा निर्माण गर्नेसम्बन्धी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले गरेको प्रस्ताव पारित गरेको हो । कूल एक हजार २०० मेगावाट क्षमताको सो आयोजना स्वदेशी लगानीमा निर्माण गर्ने कि विदेशी कम्पनीलाई दिने भन्ने सन्दर्भमा लामो समयसम्म ठोस निर्णय हुन नसक्दा प्रक्रिया अगाडि बढ्न सकेको थिएन ।

सरकारले शेयर संरचनासमेत तयार पारेर कम्पनी मोडलमा निर्माण गर्ने गरी आवश्यक निर्णय गरेको छ । सन् २०१४ मा फ्रान्सेली कम्पनी ट्याक्टवेलले सो आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार पारेर सरकारलाई बुझाएको थियो । सरकारले हालसम्म आयोजना प्रभावितका लागि मात्रै रु ४० अर्ब बराबरको मुआब्जा वितरण गरिसकेको छ ।

आयोजनाका लागि भनेर नै पूर्वाधार कर लगाएर नेपाल आयल निगममार्फत रु ७० अर्बभन्दा बढी सङ्कलन गरेको थियो । पछिल्ला दिनमा भने सो कर उठाउन बन्द गरिएको छ । लामो समयसम्म चिनियाँ कम्पनी गेजुवाले होल्ड गरेर राखेको सो आयोजना वर्तमान सरकारले स्वदेशी लगानीमा नै निर्माण गर्ने निर्णय गरेको थियो । कम्पनीको अधिकृत पूँजी रु ६० अर्ब बराबरको हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु १०० का दरले कूल ६० करोड कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । कम्पनीको तत्काल जारी पूँजी रु २० अर्ब बराबरको हुनेछ । कम्पनीका संस्थापकले तत्काल चुक्ता गर्न कबोल गरेको पूँजी रु १० अर्ब बराबर रहने छ । कम्पनीमा अर्थ मन्त्रालयको २५ प्रतिशत बराबरको शेयर हिस्सा अर्थात १५ करोड कित्ता बराबर रहनेछ ।

अरुण चार र पश्चिम सेतीलाई बढाइँदै

लामो समयदेखि चर्चामा रहेको ७५० मेगावाट क्षमताको पश्चिम सेती जलविद्युत् आयोजना भारतीय कम्पनी एनएचपीसीलाई निर्माण गर्ने गरी जिम्मा दिइएको छ । यही असार ६ गते बसेको लगानी बोर्डको बैठकले सो आयोजना भारतीय कम्पनीलाई निर्माणका लागि जिम्मा दिइएको हो । जलाशयुक्त सो आयोजनाले पश्चिम नेपालको समृद्धिको ढोका खोल्ने विश्वास लिइएको छ ।

कूल ६९५ मेगावाट क्षमताको अरुण चार अर्धजलाशयुक्त आयोजना अरुण तेह्रो र तल्लो अरुण निर्माण गरिरहेको भारतीय कम्पनी सतजल विद्युत् निगमले नै निर्माण गर्ने गरी सम्झौता भएको छ । यी र यस्ता केही महत्वपूर्ण उपलब्धि वर्तमान सरकार गठन भएपछि ऊर्जा क्षेत्रमा भएका छन् । पछिल्ला दिनमा निजी क्षेत्रको माग बमोजिम नै विद्युत् खरिद सम्झौता (पिपीए) गर्ने निर्णयसमेत भएको छ । वर्तमान सरकार गठनपछि मुलुकको ऊर्जा क्षेत्रको विकास र सम्वर्द्धनमा देखिएको प्रगतिसँगै देशको समग्र आर्थिक विकासमा सुधारका संकेत आएको देखिन्छ । *- रासस*

सरकारका एक वर्षः संविधान, संसद् र लोकतन्त्र जोगाउन सफलता

काठमाडौं, २८ असार (रासस)/ प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको वर्तमान सरकार गठन भएको एक वर्षको अवधिमा जनजिविकका विविध सवाल र विकास निर्माणका आशातीत सफलतासँगै संविधान, संसद् र लोकतन्त्र जोगाउन मुख्य सफलता हासिल भएको छ ।

दुई-दुई पटक संसद् विघटन गरी संविधानको व्यवस्थामाथि नै खलल पुग्ने गरी तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले गतिविधि गरेको भन्दै विभिन्न राजनीतिक दलहरू नेपाली कांग्रेसको नेतृत्वमा सरकार गठन गर्न तयार भएका थिए । सोही परिवेशमा गत असार २९ गते गठन भएको वर्तमान सरकारले एक वर्षमा केही महत्वपूर्ण काम गरेको छ । वर्तमान सरकारको गठनसँगै पूर्ववर्ती सरकारले निम्त्याएको राजनीतिक अस्थिरताको भने तत्कालै अन्त्य भएको थियो । प्रतिनिधिसभामा विश्वासको मत पाएलगत्तै सरकारले नागरिकलाई कोभिड-१९ को प्रकोपबाट जोगाउन सरकारको पहिलो प्राथमिकता हुने उद्घोषसहित खोप लगाउन योग्य सबैलाई पूर्णखोप दिलाउन वर्तमान सरकार सफल भएको छ ।

कोरोनाविरुद्धको खोपसँगै मुलुकभर अग्रपंक्तिमा खटिएका स्वास्थ्यकर्मीलाई जोखिम भत्ता उपलब्ध गराएर स्वास्थ्यकर्मीको मनोबल वृद्धि गर्नुका साथै सरकारले कोरोनाबाट प्रभावित अर्थतन्त्रलाई पुनरुत्थान गर्न विशेष प्याकेज सार्वजनिक गरिसकेको छ । सरकारले बाढी, पहिरो, डुबानको क्षतिबाट उद्धार, जनतालाई तत्काल राहत एवं पुनःनिर्माणका लागि युद्धस्तरमा कार्य गरिरहेको जनाएको छ । वर्तमान सरकार गठनसँगै सबै मुलुकसँग प्रगाढ सम्बन्ध बनाउन राष्ट्रिय हितमा आधारित पररराष्ट्र नीति अवलम्बन गरिएको छ । आन्दोलनमा घाइते भई यथोचित उपचार नपाएकाहरूको उपचार व्यवस्था, अङ्गभङ्ग भएकाहरूलाई क्षतिपूर्ति र परिवारका एक जनालाई रोजगारीको व्यवस्था गर्ने प्रतिबद्धता सरकारद्वारा भएको छ । गरिबीको रेखामुनि रहेका जनतालाई अत्यावश्यक वस्तुहरू सुपथ मूल्यमा वितरण गर्न गरिब घर परिचयपत्रको व्यवस्था गरिएको छ र ग्रामीण क्षेत्रमा आकस्मिक दुर्घटना, बाढी पहिरो, प्राकृतिक प्रकोपजस्ता विपद्का बेला सेवा प्रदान गर्न एयर एम्बुलेन्सको व्यवस्था गरिएको छ ।

संकटग्रस्त उद्योग, पर्यटन व्यवसाय, सञ्चार, यातायात जस्ता क्षेत्र र श्रमजीवी, विपन्न, बेरोजगारलगायतको उत्थानका लागि विशेष आर्थिक प्याकेजको व्यवस्था गरिएको छ । क्यान्सर, मिर्गौला र स्पाइनल इन्जुरीका बिरामीलाई मासिक पाँच हजार भत्ता प्रदान गर्ने निर्णय गरी सरकारले जनभावनालाई सम्बोधन गरेको छ । यसैगरी अतिविपन्न गरिब घरपरिवारलाई प्रतिघर परिवार १० हजारका दरले राहत दिने घोषणा गरिएको छ ।

विपन्न वर्गको तत्कालीन जीविकोपार्जनको समस्यालाई ध्यानमा राखेर राजधानी उपत्यकाका १० ठाउँमा सस्तोमा भात खान पाइने व्यवस्था, युवा विद्यार्थी लक्षित 'पढ्दै कमाउँदै' कार्यक्रम र नारी समुदाय लक्षित 'महिला पहिला' कार्यक्रम घोषणा सरकारले गरेको छ । सरकारले अफगानिस्तानमा तालिवान सरकारको पुनरोदयपछि संकटमा परेका आफ्ना नागरिकलाई समयमै सकुशल ल्याउन सफल भएको थियो ।

सन्तुलित 'नेपाल पहिला' पररराष्ट्र नीति

यस अवधिमा सरकारले राष्ट्रिय गौरवका आयोजनाहरूको गति सन्तोषजनक नभएकाले प्रभावकारीरूपमा काम गर्ने गरी अनुगमन र मूल्याङ्कन संयन्त्र निर्माण गरेको छ । सम्भावित लगानीका क्षेत्रहरु पहिचान गरी निर्यातलाई बढाउने गरी परियोजनाहरू अघि बढाउने रणनीति तय गरिएका छन् । एक वर्षको अवधिमा वर्तमान सरकारले स्वदेशी र विदेशी लगानीकर्तालाई लगानीमा प्रोत्साहन गर्न स्वागत र सम्मानको कार्यक्रम गरेको छ । जलविद्युत् र पर्यटनजस्ता क्षेत्रमा लगानी बढाउने गरी नीति तथा कार्यक्रम अघि बढाउनुका साथै सन्तुलित 'नेपाल पहिला' पररराष्ट्र नीति अवलम्बन गरिएको छ ।

लगानीमैत्री वातावरणको सिर्जना गरी निजी क्षेत्रलाई प्रोत्साहन गर्दै आर्थिक स्थिरता कायम गर्न, कोभिडको मारमा परेका उद्योगी-व्यवसायीलाई राहत प्याकेज प्रदान गर्न सरकारले सफलता प्राप्त गर्नुका साथै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको कामले शीघ्रता पाएको छ । कोभिड खोपको सुनिश्चिततासँगै राजस्व संकलनमा उल्लेख्य वृद्धि भएको छ । विद्युतीय लाइन विस्तार तथा विद्युत् वृद्धि, सडक तथा यातायात पहुँचमा उल्लेख्य विस्तार, द्वन्द्वकालीन घटनामा छानबिन, पीडितलाई राहत एवं परिपूरणका लागि संक्रमणकालीन न्यायिक संयन्त्र क्रियाशील भएको छ ।

स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा स्थानीय चुनाव सम्पन्न, अमेरिकी सहयोगसम्बन्धी परियोजना एमसिसी संसद्बाट अनुमोदन, जनमुखी बजेटको निर्माण, भूमि आयोगको गठन गरी भूमिहीन तथा सुकुम्बासी पहिचान र पुर्जा वितरणको थालनी र पाँच लाख भूमिहीनलाई पुर्जा वितरण गर्ने घोषणालाई सरकारको सफलता मान्न सकिन्छ ।

सरकारका लोककल्याणकारी कार्य

यसैगरी ज्येष्ठ नागरिकलाई ६८ वर्षमै भत्ता उपलब्ध गराउने, 'किसानसँग सरकार' को नारासहित कृषिमा रुपान्तरणकारी योजना र बजेटमा उल्लेख्य वृद्धि, किसानलाइ पेन्सनसहित प्रोत्साहन र राहतका योजना, जटिल प्रकारका रोग लागेका नागरिकलाई मासिक पाँच हजार राहत, बिरामीका लागि ९८ प्रकारका औषधि निःशुल्क, वैदेशिक रोजगारीबाट फर्केका युवालाई सहुलियतपूर्ण कर्जा, प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत दुई लाखलाई रोजगारीको सुनिश्चितता, दुर्गम २५ जिल्लाका सुत्केरीलाई पाँच हजार पोषण खर्च वर्तमान सरकारका लोककल्याणकारी कार्य हुन् ।

नेपाल सरकारले अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य बढिरहेको सन्दर्भमा कर कटाएर भए पनि पेट्रोलियम पदार्थको मूल्य घटाउँदै मूल्यवृद्धि नियन्त्रणको प्रयास गरेको छ । राष्ट्रसेवक कर्मचारीको मनोबल उकास्न १५ प्रतिशतले तलब वृद्धि, राष्ट्रहितलाई ध्यानमा राखेर अमेरिकाको 'स्टेट पाटनरसीप प्रोग्राम' मा सहभागी नहुने निर्णय, भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको लुम्बिनी भ्रमण तथा नेपालका प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमण पनि सरकारका महत्पूर्ण कार्य हुन् । दुई देशबीचको सम्बन्धमा देखापरेका अविश्वास र संशय मेटाएर हार्दिकताको विकास भएको छ ।

यही अवधिमा अमेरिकी उच्च अधिकारीहरुको नेपाल भ्रमण तथा नेपालका प्रधानसेनापतिको अमेरिका भ्रमण, चिनियाँ कम्युनिष्ट पार्टीका विदेश विभाग प्रमुखको नेपाल भ्रमण भएको छ । साथै सरकारले एक चीन नीतिप्रति नेपाल सरकारको प्रतिबद्धता पनि दोहोऱ्याएको छ । अन्तरदेशीय प्रसारण लाइन विस्तार, भारतमा बिजुली बिक्री गरी आम्दानीमा भारी वृद्धि हुनुका साथै सरकारले सामाजिक सुरक्षामा सरकारको आडभरोसाका लागि विगतमा भन्दा अत्यधिक बढी एक खर्ब ३४ अर्ब एक करोड विनियोजन गरेको छ ।

वर्तमान सरकारले नागरिकताविहीनताको अन्त्य गर्न हालै मात्र नागरिकता विधेयक संसद्मा प्रस्तुत गरेको छ ।

वागमती सभ्यता एकीकृत विकास समितिका कर्मचारी कुटिए

काठमाडौं, २८ असार (रासस)/ वागमती नदीभित्र हुने अनधिकृत कामका बारेमा नियमित अनुगमन गर्ने क्रममा अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समितिका कर्मचारी कुटिएका छन् ।

गोकर्णेश्वर नगर पालिका-५ स्थित एभरेष्ट पेट्रोल पम्प मुनिको वाग्मती नदी किनारमा लामो समयदेखि अनधिकृत रूपमा फोहर संकलन गर्दै आएको सुवास घिसिङले अनुगमनको क्रममा हिँडेका समितिका कर्मचारी बलराम श्रेष्ठलाई कुटपिट गरेर टाउको फुटाइदिएको समितिका सूचना अधिकारी कमल अर्याललेराससलाई जानकारी दिए ।

समितिले आयोजनाको काममा नै अवरोध पुऱ्याउने गरी फोहर संकलन केन्द्र नराख्न तीनपटक पत्राचार गरिसकेको छ । तर घिसिङले समितिको पत्राचारलाई अटेर गर्दै आएको जनाइएको छ । श्रेष्ठमाथि आक्रमण गर्ने घिसिङलाई प्रहरीले पक्राउ गरेर हाल महानगरीय प्रहरी वृत्त बौद्धको हिरासतमा राखेको छ । घिसिङले अटेर गरी नदी किनारामा फोहर संकलन केन्द्र बनाउँदा वाग्मती सौन्दर्यीकरणको काममासमेत असर पुगेको समितिले जनाएको छ ।

अनधिकृत रूपमा फोहर संकलन केन्द्र स्थापना गरेर स्थानीयवासीलाई समेत धम्की दिँदै उनले वाग्मती कोरिडोर क्षेत्रबाट फोहर उठाउने गरेका हुन् । जसले गर्दा जम्मा भएको आधा फोहर वाग्मतीमा बग्ने गरेको छ । नियमित अनुगमन गर्ने क्रममा समितिको 'क्वीक रेस्पोन्स टिम'मा सहभागी श्रेष्ठमाथि कुटपिट गरेपछि यो घटना सार्वजनिक भएको हो ।

'हामी नियमित अनुगमनमा गएका थियौं, मैले फोहर संकलन स्थलको तस्विर खिच्न लागेको थिएँ, त्यहीबेला ममाथि एक्कासि मुक्का प्रहार भयो', उनले भने । आक्रमणबाट घाइते भएका श्रेष्ठको टाउकोमा दुई वटा टाँका लगाइएको छ । श्रेष्ठको हाल नेपाल भारत मैत्री अस्पताल मित्रपार्कमा उपचार भइरहेको छ ।

करणीको आरोपमा चालक पक्राउ

काठमाडौं, २८ असार (रासस)/ नेपाल प्रहरीले टिपरभित्रै एक महिलालाई जबरर्जस्ती करणी गर्ने एकजनालाई पक्राउ गरेको छ ।

थानकोटस्थित प्रहरी वृत्तको टोलीले चन्द्रागिरी नगर पालिका-७ स्थित नेपाल आयल निगमको थानकोट डिपो जाने बाटोमा पार्किङ गरेको टिपरभित्र १७ वर्षीय एक महिलालाई जबरर्जस्ती करणी गर्ने दोलखा गौरीशङ्कर गाउँपालिका-८ निवासी ३२ वर्षीय ज्ञानबहादुर नेपालीलाई सोमबार पक्राउ गरेको हो ।

काठमाडौं जिल्ला प्रहरी परिसरका प्रहरी उपरीक्षक दिनेशराज मैनालीले पक्राउ नेपालीले यही असार २४ गते राति रोकी राखेको रा १ ख २७३४ नम्बरको टिपरभित्र जबरर्जस्ती करणी गरेको खुल्न आएको जानकारी दिए । दोलखाबाट काठमाडौं आएको उक्त टिपरले गौशालाबाट ती महिलालाई टिपरमा हालेर थानकोट ल्याएका थिए । थानकोटस्थित प्रहरी वृत्तका प्रमुख डिल्लीनारायण पाण्डेको नेतृत्वमा खटिएको टोलीले पीडित महिलाको उद्धार गरी उपचारका लागि प्रसूति गृहमा पठाएको प्रहरी उपरीक्षक मैनालीले बताए ।

पक्राउ परेका नेपालीलाई मुलुकी फौजदारीसंहिता २०७४ को करणीसम्बन्धी कसूर अन्तर्गत काठमाडौं जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गराइ अनुसन्धान गरिरहेको जनाइएको छ ।

मानवस्रोत नीति सरकारले बनाउनुपर्छः सांसद डा.राई

काठमाडौं, २८ असार (रासस)/ सांसद डा. विमला राई पौडेलले नेपालको १५ वर्षमाथि र ६५ वर्षमुनिका जनसंख्यालाई उपयोगमा ल्याउने नीति बनाउन सरकारको ध्यानाकर्षण गराएको हो ।

राष्ट्रियसभाको मंगलबारको विशेष समयमा उनले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय भए पनि उक्त मन्त्रालयले नेपालको जनसंख्याको विषयलाई प्राथमिकता दिन नसकेकामा ध्यानाकर्षण गराउँदै मानव स्रोत योजना नामक छुट्टै मन्त्रालय बनाउन जरुरी भएको बताएको हो । "नेपालको मानव स्रोत भनेको निकै महत्वपूर्ण हो, अहिले युवाको जनसंख्या नेपालमा धेरै देखिएको छ"- सांसद पौडेलले भने, "नेपालमा १५ वर्ष माथि ६५ वर्षमुनिका जनसंख्या धेरै हुनु असाध्यै राम्रो हो र यसलाई उपयोग गर्न सरकारले छुट्टै योजना बनाउनुपर्छ ।"

जनसंख्या बढ्यो भनेर दुःख मान्ने विषय नभएको उल्लेख गर्दै उनले जनसंख्या हुनु देशका लागि अवसरको विषय भएको र जनसंख्याको उपयोग गर्नका लागि सरकारको नीति र योजना जरुरी भएकामा जोड दिए । "युवा जनशक्ति देशमा हुनु राम्रो अवसर हो, विश्वका अन्य देशमा पनि युवा जनशक्ति भएका बेलामा धेरै विकास भएको देखिएको छ"- सांसद पौडेलले भने, "अहिले युवाको राम्रो संख्या देखिएको छ, सरकारले यिनको महत्व बुझ्न जरुरी छ ।"

सांसद दुर्गा गुरुङले देश सुन्दर भए पनि सरसफाइलाई ध्यान नदिँदा फोहर सहरको रुपमा पहिचान बनाउँदै गएकामा सरकारको ध्यानाकर्षण गराए । उनले राजनीति पनि फोहोरी खेलजस्तै भएको र देशको सरसफाइमा पनि ध्यान जान नसकेको बताए ।

सांसद बिना पोखरेलले दलित समुदायले मुलुकको विकास र परिवर्तमा महत्वपूर्ण भूमिका निर्वाह गरेपनि समाजबाट दुर्व्यवहार र छुवाछुत न्यूनीकरण हुन नसकेकामा चिन्ता व्यक्त गरे । "दलित समुदायमाथि दुर्व्यवहार दण्डनीय छ, त्यसलाई कानुनी दायरमा ल्याउनुपर्छ"- उनले भने, "अधिकार र सम्मान व्यवहार दलित समुदायमा एकताबाट मात्र सम्भव छ, पाठघरूकम, धर्म र संस्कृतिले अन्धविश्वासलाई हटाउनुपर्छ, सबै समान हुन भन्ने शिक्षा प्राथमिक तहबाटै दिइनुपर्छ । "

सेतु विकको सालिक तोडिएको, इनारबाट पानी निकाल्दा दुर्व्यवहार गरिएको, दलितलाई केष्टाभाडा नदिइएको र दलित समुदाय आफैंभित्र पनि छुत तथा अछुतजस्ता विभेद हुन दुःखत भएको उल्लेख गर्दै सांसद पोखरेलले त्यसको अन्त्यका लागि दलितभित्रै पनि अभियान सञ्चालन गर्नु जरुरी भएको बताए ।

चाँगुनारायणले निःशुल्क रगत उपलब्ध गराउने

भक्तपुर, २८असार (रासस)/ चाँगुनारायण नगरपालिकले आगामी आर्थिक वर्ष २०७९/८० देखि महादेवखोला बहुआयामिक परियोजना सञ्चालन गर्ने भएको छ ।

चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्रीले सिँचाइ, खानेपानीदेखि आफैं विद्युत् उत्पादन सम्मको लक्ष्य लिएर महादेवखोला बहुआयामिक परियोजना सञ्चालन गर्ने निर्णय गरेको बताए । उनले भने "परियोजनाले चाँगुनारायणवासीको घरघरमा खानेपानीको धारा, खेतखेतमा सिँचाइ , विद्युत् उत्पादन र पर्यटनको विकास गर्ने लक्ष्य लिएको छ ।"



नगरपालिकाको सहयोग र समन्वय तथा इलेक्ट्रो एमएस इन्टरनेशनल नेपाल प्रालिको आयोजनामा सोमबार सम्पन्न चाँगुनारायणको विकासमा सञ्चारकर्मीको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रममा उनले नगरपालिकले पर्यटकीय सडक निर्माण गर्ने अर्को योजना अगाडि सारेको बताए । उनले भने, "पर्यटकीय क्षेत्रको विकासलाई प्रमुख प्राथमिकतामा राखेका छौं, भौखेलको ज्योतिर्लिङ्गेश्वर महादेव मन्दिरबाट त्रिशुलडाँडामा गोरखनाथको मन्दिर निर्माण सम्पन्न गर्दै त्यहाँबाट तेलकोट, जालपादेवी, शान्ति स्तुपा, टावर, बाल्मिकेश्वर मन्दिर, सुडालबाट काभ्रको सिमाना कल्पेश्वर महादेवसम्म पर्यटकीय सडकको रूपमा विकास गर्ने मुख्य योजना अगाडि सारेको छौं ।"

नगरपालिकाले आफ्ना नगरवासीका लागि निःशुल्क रगत उपलब्ध गराउने भएको छ । नेपाल रेडक्रस सोसाइटी भक्तपुर शाखासँग समन्वय गर्दै नागरिकलाई आवश्यक रगत रेडक्रसले दिने र त्यसवापतको रकम नगरपालिकाले रेडक्रसलाई उपलब्ध गराउने गरी नगरवासीलाई निःशुल्क रगत उपलब्ध गराउने व्यवस्था गरेको नगर प्रमुख खत्रीले बताए ।

उनले ज्येष्ठ नागरिकलाई घरघरमा गएर निःशुल्क स्वास्थ्य जाँचको व्यवस्था गर्ने, चाँगुनारायण नगर अस्पतालको स्तरोन्नति गर्दै सेवा विस्तार गर्ने, क्यान्सर रोकथाम गर्न विज्ञ चिकित्सकसँग परामर्श गर्दै निःशुल्क क्यान्सर जाँचको व्यवस्था गर्ने योजना अगाडि सारेको जानकारी दिए । नगरभित्रका विद्यालयमा छात्राहरूका लागि निःशुल्क सेनेटरी प्याड वितरण गर्ने, सामुदायिक विद्यालयमा विद्युतीय बस सञ्चालन गर्ने नीति लिँदै त्यसका लागि अनुदानको व्यवस्था गर्ने, विद्यार्थीलाई खाजा कार्यक्रमका लागि सरकारले उपलब्ध गराएको प्रतिव्यक्ति १५ मा नगरपालिकाले १० थपेर २५ पुऱ्याएको उनले बताए ।

कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिप्रसाद चापागाईंले स्थानीय तहमा काम धेरै भएको तर जनशक्ति निकै कम भएको सन्दर्भ कोट्याउँदै स्थानीय तहको भारवहन क्षमता कति रहन्छ, त्यसअनुसार अहिलेको जनशक्ति कतिको कार्य गर्न सक्छ भन्नेबारेमा पत्रकारले खोज्नुपर्ने औंल्याए ।

प्रमख प्रशासकीय अधिकृत चापागाईंले भनो, "नगरपालिकालाई फास्टट्र्याकको नेटवर्कमा जोड्ने गरी योजना अगाडि सारेका छौं, संघको समपूरक कार्यक्रमबाट सबै बडा छुने गरी फास्टट्र्याक निर्माण गरी नगरबस सञ्चालन गर्ने नीति लिएका छौं, आगामी असोजबाटै सबै बस सेवा सञ्चालन गर्ने योजना छ ।

कार्यक्रममा नगरपालिकाका प्रवक्ता एवं बडा नं ८ का वडाध्यक्ष जनक खत्रीले नगरपालिकालाई नमूनाको नगरपालिका बनाउने गरी नीति, कार्यक्रम तथा बजेट ल्याएकाले यसको कार्यान्वयनमा सबैले साथ दिनुपर्ने बताए । उनले जथाभावी जग्गा खण्डीकरण रोक्न जग्गा प्लानिङ्ग कार्यविधि नै ल्याउन लागेको बताउँदै मनोहराखोलाको कटान रोक्न तीनवटै नगरपालिका मिलेर करिडोर बनाउनेबारेमा छलफल भएको बताए ।

कार्यक्रमका सभापति पुष्कररात बुढाथोकीले स्थानीय तह सुशासन र पारदर्शितामा जानुपर्नेमा जोड दिँदै नगरपालिकाले सूचना प्रवाह निरन्तर दिने व्यवस्था गर्नुपर्नेमा जोड दिए ।

मोटरसाइकल दुर्घटनामा मृत्यु

रुपन्देही, २८ असार (रासस)/ रुपन्देहीको तिलोत्तमामा मोटरसाइकल दुर्घटना हुँदा एक युवकको मृत्यु भएको छ ।

तिलोत्तमा नगरपालिका-४ मा मंगलबार बिहान मोटरसाइकल दुर्घटना हुँदा नवलपरासी जिल्लाको बर्दघाट नगरपालिका-१ का १९ वर्षीय रामचन्द्र केवटको मृत्यु भएको ट्राफिक प्रहरी कार्यालय रुपन्देहीका प्रमुख प्रहरी निरीक्षक केशव केसीले जानकारी दिए । प्रमुख केसीका अनुसार लु ४० प ९९८९ नम्बरको मोटरसाइकल अनियन्त्रित भइ पल्टिँदा दुर्घटना भएको हो ।

बिहान ५:१० बजेको समयमा दुर्घटनाबाट गम्भीर घाइते भएका केवटको उपचारको क्रममा बुटवलस्थित लुम्बिनी प्रादेशिक अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रशासनद्वारा बिहान ७ देखि साँझ ७ बजेसम्म सेवा

सिन्धुली, २८ असार (रासस)/ जिल्ला प्रशासन कार्यालय सिन्धुलीले दैनिक तीन 'सिफट'मा सेवा सुरुआत गरेको छ ।

कार्यालयमा सेवाग्राहीको चाप बढेपछि कार्यालयले बिहान ७ देखि साँझ ७ बजेसम्म सेवा दिन थालनी गरेको हो ।

कार्यालयमा सेवा लिन आउने राहदानी र राष्ट्रिय परिचयपत्रका सेवाग्राहीको चाप अत्यधिक वृद्धि भएपछि प्रशासनले सेवाग्राहीलाई तीन सिफ्टमा दैनिक १२ घण्टा सेवा दिन सुरु गरेको हो ।

यही असार २७ गते बिहान ७ बजेबाट कार्यालयको सेवा प्रवाह समय दैनिक तीन सिफ्टमा विस्तार गरिएको प्रमुख जिल्ला अधिकारी रमेश न्यौपानेले जानकारी दिए ।

सबैभन्दा धेरै गुनासो राहदानीको रहेको छ । प्रशासनले कर्मचारी अभावमा राहदानीको सेवालाई व्यवस्थित गर्न नसकेको गुनासो आएको थियो ।

यही गुनासो व्यवस्थापन गर्ने सन्दर्भमा प्रशासनले आफ्नो सेवा समय बढाएको हो । कार्यालयले विगतमा एक हप्तामा ८० जनाको राहदानी फारम लिने गरिएकामा अब दैनिक ४० जनाको दरले हप्ताको २४० जनाको फारम लिने प्रशासनले जनाएको छ ।

कर्मचारी अभाव हटेकाले बिहान ७ देखि साँझ ७ बजेसम्म १२ घण्टा दैनिक सेवा विस्तार सुरु भएकाले सेवाग्राहीको गुनासो सम्बोधन भएको जनाउँदै अब सेवाग्राहीले तत्कालै सेवा पाउने प्रजिक न्यौपानेले बताए ।

कार्यालयले राजस्व जम्मा गर्ने बैंक काउन्टर, राहदानीको 'इन्रोल्मेन्ट', राष्ट्रिय परिचयपत्रको सहायता कक्ष साथै सुरक्षित वैदेशिक रोजगार परामर्श केन्द्र बिहान ७ देखि साँझ ७ बजेसम्म सञ्चालनमा रहेको प्रशासनले जनाएको छ ।

बिहान ७-१० बजेसम्म, बिहान १० देखि दिउँसो १ बजेसम्म र दिउँसो १ देखि साँझ ७ बजेसम्म कर्मचारी व्यवस्थापन प्रशासनले गरेको छ । प्रशासनको सेवा प्रवाहमा आवश्यक कर्मचारीका लागि कमलामाई नगरपालिकाले सहजीकरण गरिदिएको थियो ।

१६६ जनामा संक्रमण

काठमाडौं, २८ असार (रासस)/ कोरोना भाइरसको संक्रमण दैनिक बढिरहेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको बुलेटिनमा तीन हजार १२६ जनामा गरिएको परीक्षणमध्ये मंगलबार १७७ जनामा संक्रमण देखिएको हो । असार २६ गते १२१ र असार २७ गते १६८ जनामा संक्रमण देखिएको थियो ।

सक्रिय संक्रमितको संख्या ८७३ जना रहेका छन् । विगत २४ घण्टामा ४१ जना कोरोनाबाट निको भएर घर फर्किएका छन् । योसँगै निको हुनेको संख्या नौ लाख ६७ हजार ७६५ पुगेको छ । निको हुने दर ९८.७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । संक्रमणबाट

कसैको पनि निधन भएको छैन । शून्य संक्रमित भएका जिल्ला १४ रहेका छन् । अहिलेसम्म होम आइसोलेसनमा ८५३, संस्थागत आइसोलेसनमा २०, भेन्टिलेटरमा एक जना र सघन उपचार कक्ष (आइसियु)मा ११ जनाको उपचार भइरहेको छ । यस्तै विगत २४ घण्टामा ६४ हजार ९०७ जनाले कोरोना भाइरस विरुद्धको खोप लगाएका छन् ।

कृषि विकास बैंकद्वारा पार्क बनाउन सहयोग

चितवन, २८असार (रासस)/ बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल परिसरमा पार्क बनाउन कृषि विकास बैंकले सहयोग गरेको छ । बैंकले पार्कका लागि १५ लाखको चेक हस्तान्तरण गरेको हो ।

बैंकले सामाजिक उत्तरदयित्व कार्यक्रम अन्तर्गत उक्त रकम हस्तान्तरण गरेको जनाएको छ । बैंकको प्रदेश कार्यालय वीरेन्द्रनगरका प्रमुख रघुनाथ न्यौपानेले अस्पतालका अध्यक्ष डा निर्मल लामिछाने र कार्यकारी निर्देशक डा. देजकुमार गौतमलाई उक्त रकम बराबरको चेक हस्तान्तरण गरेको हो । अस्पतालले प्रशासनिक भवन पछाडिको खाली जमिनमा पार्क बनाउने जनाएको छ । बिरामी र कुरुवालाई लक्षित गरी पार्क बनाउन लागिएको हो ।

मोटरसाइकल हरायो

निम्न व्यहोराको मोटरसाइकल २०७९ साल बैशाख १३ गते हेटौंडा-४ स्कूलरोडस्थित पार्किङ्ग गरिरहेको अवस्थाबाट राती ९:०० बजेदेखि ९:३० बजेको बिचमा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

मोटरसाइकल नम्बर: बा प्र-०३-००५ प ८८९
मोटरसाइकल बनीको नाम: सौरव हुंडाग्रा
मोटरसाइकलको ब्राण्ड (नाम): पल्सर, २२० F
मोटरसाइकलको रंग: कालो-रातो
मोटरसाइकल बनेको वर्ष: सन् २०२१
चेचिस नम्बर: MD2A13EX1MCE90152
इन्जिन नम्बर: DKXCME11791
सम्पर्क फोन नम्बर: ९८४५५६८४९९

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

हेटौंडा सिमेण्ट उद्योग लिमिटेडको
Advance Attendance software निर्माण
कार्यको दरभाउपत्र आव्हानको सूचना

(सूचना प्रकाशित मितिः २०७९/०३/२९)

यस उद्योगको कर्मचारीहरुको हाजिरी रेकर्ड व्यवस्थित गर्ने प्रयोजनार्थ Advance Attendance Software निर्माण गर्नुपर्ने भएकाले उक्त कार्य गर्न इच्छुक योग्यता पुगेका पंजिकृत फर्म, आपूर्तकहरुबाट शिलबन्दी दरभाउपत्र प्रस्ताव आव्हान गरिन्छ । विस्तृत विवरणको लागि उद्योगको सूचना पाटीमा हेर्न सक्नु हुनेछ ।
सम्पर्क फोन नं : ०५७-४१२८५२, ४१२१२३

बजेट माग्न संघीय मन्त्रालय धाउँदै मेयर मिना

साझाकुरा संवाददाता

हेटौंडा, २८ असार/ हेटौंडा उपमहानगरपालिकाकी नगर प्रमुख मिनाकुमारी लामाले नगर र संघीय सरकारबाट परेका योजनामा बजेट माग गर्न संघीय सरकारका मन्त्रालयको ढोका ढकढक्याउन पुगेकी छन् ।

उपमहानगर निर्माणका योजना बोकेर मंगलबार संघीय सरकारको मन्त्रालयमा बजेट माग गर्न मेयर लामा पुगेकी हुन् । उनले संघीय सरकारको भौतिक पूर्वाधार, सस्कृती पर्यटन, सहरी विकास, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा मन्त्रीहरूसँग भेटेर नयाँ योजनाहरूका लागि सहयोग गर्न र बजेटमा समेटिएका योजना तत्काल अगाडि बढाइदिन आग्रह गरेको उनका प्रेम सल्लाहकार राजन दहालले जानकारी दिए ।

लामाले विशेष गरी हेटौंडाको स्वास्थ्य क्षेत्र र भौतिक पूर्वाधार विकासका लागि संघीय बजेटमा समावेश भएका योजनालाई अगाडि बढाउन र नभएका योजनाहरु कसरी समेट्न सकिन्छ भनेर मन्त्रीहरूसँग छलफल गरेकी थिइन् । नगरप्रमुख लामाले विशेष गरी चुनावी ऐजेण्डाको रुपमा आफूले अगाडि बढाएका योजनाहरुलाई कसरी अगाडि बढाउन सकिन्छ भनेर मन्त्रीसँग छलफल गरेको प्रेस सल्लाहकार दहालले जानकारी दिए ।

शहरी विकास मन्त्रालयमा उपमहानगरको चक्रपथ सडक निर्माण, नमूना तरकारी बजार, कनेक्टिभिटि रोड सहितका योजना, स्वास्थ्य मन्त्रालयमा मुटुको उपचारका लागि आवश्यक कार्डियो मेसिन, यूएसजी सहित आवश्यक सहयोग, सस्कृत पर्यटन तथा नागरीक उड्डयन मन्त्रालयमा बोटिङसिहत विभिन्न योजना समेटिएको 'कर्रा पर्यटन प्रवर्द्धन आयोजना' लगायत समग्र नगरको बिकासका विषयमा छलफल भएको थियो ।

लामा मकवानपुरको इतिहासमै पहिलो महिला मेयर हुन् । उनले आफ्नो कार्यकालमा हेटौंडालाई नमूना सहरको रुपमा विकास गर्ने बताएकी छन् । ३० वैशाखमा भएको स्थानीय तह सदस्य निर्वाचनमा गठबन्धनबाट नेकपा (एकीकृत समाजवादी) मकवानपुरकी उपाध्यक्षसमेत रहेकी लामाले चुनाव जितेकी थिइन् । उनले हेटौंडालाई प्रदेश राजधानी जस्तै सहर बनाउने योजना अघि सारेकी थिइन् ।

कैलाशका वडाध्यक्ष घलान प्रहरी नियन्त्रणमा

साझाकुरा संवाददाता

हेटौंडा, २८ असार/ कैलाश गाउँपालिकाकी एक बालिकामाथि यौन दुर्व्यवहार गरेको आरोप लागेका वडा अध्यक्षलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

मकवानपुरको विकट कैलाश गाउँपालिकाको ९ नम्बर वडाका वडा अध्यक्ष भुवनसिं घलानलाई नियन्त्रणमा लिइएको मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले बताए । वडाध्यक्ष घलानमाथि १९ असारमा हेटौंडा-१ स्थित आसन गेष्टको एउटा कोठामा तीन जना साथीसँग बसेकी बालिकामाथि यौन दुर्व्यवहारको आरोप लागेको हो ।

राष्ट्रपति रनिङशिल्ड खेल्न हेटौंडा आएका बेला १७ वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको पीडितले जाहेरीमा उल्लेख गरेकी छन् । १७ वर्षीया बालिकाले गत शुक्रबार जिल्ला प्रहरी कार्यालय मकवानपुरमा वडाध्यक्ष घलानविरुद्ध किटानी जाहेरी दिएकी थिइन् ।

उनले आफू बसेको होटलको कोठामा मध्यराति आएर आफ्नो संवेनदशील अंगमा हात लगाउनुका साथै बलात्कार प्रयास गरेको आरोप लगाएकी छन् । वडाध्यक्ष घलानले भने आफूले कुनै गल्ती नगरेको भन्दै कोठामा पुगेर राम्रोसँग सुत्नु भनेर फर्किएको दाबी गरेका छन् ।

जोहरी दर्ता भएपछि आरोपित घलान फरार थिए । सोमबार जिल्ला अदालत मकवानपुरबाट पक्राउ पर्जी जारी भएपछि मंगलबार घलान जिप्रका मकवानपुरमा उपस्थित भएका हुन् । घलान आफै प्रहरी कार्यालय आएको डीएसपी कार्कीले जानकारी दिए । पीडित बालिका हेटौंडामा १८-१९ असारमा भएको जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा कैलाश-९, नाभटारको कलिका माविबाट प्रतिनिधित्व गरेर आएकी थिइन् ।

बागमती सरकारले २२ विधामा पदक वितरण गर्ने

बागमती, २८ असार (रासस)/ बागमती प्रदेश सरकारले प्रदेशस्तरमा विशिष्ठ योगदान पुऱ्याउने विभिन्न व्यक्ति तथा संस्थालाई सम्मानस्वरुप पदक वितरण गर्ने भएको छ ।

विभिन्न २२ विधामा पदक वितरण गर्न लागेको प्रादेशिक आन्तरिक मामिला तथा कानुन मन्त्रालयका प्रशासन तथा योजना शाखाका अधिकृत पेशलकुमार पोखरेलले जानकारी दिए । उनको अनुसार यही असार ३० गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रदेश प्रमुख यादवचन्द्र शर्मासि पदक वितरण गर्नेछन् । गणतन्त्र दिवसका अवसरमा निर्णय भएअनुसार उनीहरुलाई सम्मान गर्न लागिएको अधिकृत पोखरेलले बताए ।

उनको अनुसार सुरक्षातर्फ 'शान्तिमाला' पदक नेपाल प्रहरीका तीनजनालाई, 'प्रदेश रक्षक' पदक सशस्त्र प्रहरी बलका एकजनालाई, 'शान्तिदीप' पदक नेपाली सेनाका एकजनालाई, शिक्षातर्फ 'प्रदेश दीप' पदक चारजनालाई, स्वास्थ्यतर्फ 'मृत्युञ्जय' पदक दुईजनालाई, खेलकूदतर्फ 'प्रदेश शान' पदक दुईजनालाई प्रदान गरिने छ ।त्यस्तै कृषितर्फ 'कृषि किरण' पदक दुई कृषि फर्मलाई, सहकारीतर्फ 'सहकारी प्रवर्द्धन' पदक दुई सहकारीलाई प्रदान गरिने भएको छ ।

प्रदेश सरकारले उद्योगतर्फ 'उद्यमशीलता' पदक तीनजनालाई, पर्यटनतर्फ 'प्रदेश द्रष्टा' पदक एकजनालाई, वातावरणतर्फ 'वातावरण संरक्षण' पदक एकजनालाई, पूर्वाधार विकासतर्फ 'विकास सेवी' पदक एकजनालाई, सूचना तथा सञ्चारतर्फ 'प्रदेश दूत' पदक तीनजनालाई, विज्ञानतर्फ 'अन्वेषण' पदक एकजनालाई, प्रविधितर्फ 'नव प्रवर्तन' पदक दुईजनालाई, भाषातर्फ 'सुभाषिक' पदक एकजनालाई, कलातर्फ 'कलाकीर्ति' पदक तीनजनालाई, संस्कृतितर्फ 'संस्कृतिदीप' पदक एकजनालाई, साहित्यतर्फ 'प्रदेश द्रष्टा' पदक एकजनालाई, सार्वजनिक प्रशासन तथा सुशासनतर्फ 'जनसेवा' पदक एकजनालाई, विपद् व्यवस्थापनतर्फ 'विपदसेवी' पदक दुई नगरपालिकालाई र समाज सेवा तथा लोककल्याणतर्फ 'प्रदेश परोपकार' पदक छजनालाई प्रदान गर्न लागिएको उक्त मन्त्रालयले जनाएको छ । मन्त्रालयले पदक ग्रहण गर्न आउँदा औपचारिक पोशाक दौरा सुरुवात तथा आफ्नो पहिचान झल्कने भेषभूषामा उपस्थित हुन आग्रह गरेको छ ।

निर्माण व्यवसायीको परिवारलाई सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, २८ असार/ नेपाल निर्माण व्यवसायी महासंघले कोभिड-१९ तथा दुर्घटनामा परेका परिवारका सदस्यलाई रकम हस्तान्तरण गरेको छ ।

महासंघले कोभिड-१९ का कारण मृत्यु भएका परिवारका सदस्यलाई आर्थिक सहयोग गरेको छ भने दुर्घटनाबाट मृत्यु भएकाहरुको परिवारलाई बीमावापतको रकम हस्तान्तरण गरेको छ ।

मंगलबार निर्माण व्यवसायी संघ मकवानपुरमा आयोजित एक कार्यक्रममा निर्माण व्यवसायी संघ मकवानपुरका सदस्य थाहा नगरपालिका-२ का राजु नापितका परिवारलाई नेपाल निर्माण व्यवसायी महासंघले एक लाख ५० हजार रुपैयाँ हस्तान्तरण गरेको हो । नापितको कोरोना भाइरस संक्रमणका कारण मृत्यु भएको थियो । स्वर्गीय राजु नापितका छोरा रविन्द्र नापितलाई रकम प्रदान गरिएको हो ।

यसैगरी, दुर्घटनामा परी मृत्यु भएका संघका सदस्य थाहा नगरपालिका-१ का सुन्दर प्रधानका परिवारलाई दुर्घटना बीमावापतको पाँच लाख रुपैयाँ हस्तान्तरण गरिएको छ । स्वर्गीय सुन्दर प्रधानका पत्नी सावित्री प्रधानलाई बीमावापतको रकम संघका अध्यक्ष श्यामसुन्दर ढकाल, निवर्तमान अध्यक्ष आनन्दराम पराजुली, पूर्वअध्यक्ष खड्ग गोपालीलगायतले हस्तान्तण गरेका थिए । सहयोग हस्तान्तरण कार्यक्रममा निर्माण व्यवसायी संघ मकवानपुरका प्रथम उपाध्यक्ष बालगोपाल कँडेल, द्वितीय उपाध्यक्ष सागर भट्टराई, तृतीय उपाध्यक्ष बुद्धिराम डिम्हुङ, महासचिव बालकुमार मल्ल, संघका पूर्वसल्लाहकार लवशेर विष्टलगायतको उपस्थिति थियो ।

राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता शुरु

बागमती, २८ असार (रासस)/ राष्ट्रिय खेलकुद परिषद् (राखेप) को आयोजनामा १२ औं केन्द्रीयस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता आजदेखि राजधानीमा सुरु भएको छ । युवा तथा खेलकुदमन्त्री महेश्वरजङ्ग गहतराजले आयोजित एक कार्यक्रममा उक्त प्रतियोगिताको उद्घाटन गरे । सो अवसरमा उनले विद्यालयस्तरीय प्रतियोगिताबाटै भविष्यमा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुने खेलाडीको पहिचान गर्न सकिने भएको हुँदा प्रतियोगिता महत्वपूर्ण भएको बताए ।

राखेपका सदस्य-सचिव टंकलाल घिसिङले विद्यालयस्तरीय प्रतियोगिता नै खेलकुदको मेरुदण्ड भएको धारणा व्यक्त गर्दै कलिलो उमेरका खेलाडीलाई संरक्षण गर्न सके देशका लागि सक्षम खेलाडी तयार गर्न टेवा पुग्ने बताए । उद्घाटनका अवसरमा सहभागी पाँचै प्रदेशका खेलाडीले मार्च पास्ट गरेका थिए । कपन टाइगरका तेब्वान्दो खेलाडीले आकर्षक र साहसिक प्रदर्शनी गरेका थिए । अक्सिडेन्टल पब्लिक स्कुलका विद्यार्थीले नृत्य प्रस्तुत गरे भने नेपाल ब्रेकिङ एन्ड डान्स स्पोर्ट्स सैले व्यक्त्यापन गरेको 'बी बोयिङ' मनमोहक थियो ।

ओलम्पियन जुडोकी सोनिया भट्टले उद्घाटनस्थल त्रिपुरेश्वरस्थित दशरथ रंगशालाको ट्याकमा ओलम्पिक टर्च परिक्रमा गराएका थिइन् । पहिलोपटक राष्ट्रपति रनिङ शिल्ड खेलकुदको उद्घाटन कार्यक्रममा ओलम्पिक टर्च परिक्रमा गराइएको हो ।

निर्णायकको तर्फबाट एथलेटिक्सका प्रमुख प्रशिक्षक चन्द्र गुरुङ र खेलाडीको तर्फबाट गण्डकी प्रदेशकी एथलेटिक्स खेलाडी तीर्था ढकालले शपथ ग्रहण गरे । विभिन्न छ खेल समावेश प्रतियोगितामा प्रदेश १ र मधेस प्रदेशबाहेक पाँच प्रदेशको सहभागिता रहेको छ ।

ऋणीहरूको कर्जा सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति: २०७९/०३/२८

तपशिलमा उल्लेखित यस सहकारी संस्था लि.बाट देहाय बमोजिम ऋणी सदस्यहरुले विभिन्न मितिमा आफ्नो व्यवसाय प्रवर्द्धन गर्नको लागि लिएको कर्जा समय, सिमा म्याद गुज्रीसकेको हुँदा पनि कर्जा तथा व्याज भुक्तान गर्न संस्थाबाट विभिन्न मितिमा मौखिक तथा पत्रचार गर्दा तथा पटक पटक तर-ताकेता गर्दा पनि अटेर गरी संस्थालाई अटेर गरि भुक्तान नगरिएको हुँदा यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कर्जाको साँवा ब्याज भुक्तान गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

लगानी मिति	ऋणीको नाम	ठेगाना	बाँकी कर्जा
२०६८/१२	अनिता नेपाली	चौकिटोल हेटौंडा-१	३३८०।-
२०६९/६/२१	इश्वरलाल श्रेष्ठ	हेटौंडा-१ मेनरोड	१०४३७।-
२०६९/९/२२	निगम श्रेष्ठ	हेटौंडा-२	२५०००।-
२०७०/८/३०	रामेश्वर श्रेष्ठ	हेटौंडा-१	३५८१७।-
२०७१/८/२८	सुमन पाण्डे	हेटौंडा-५ पिप्ले	३००००।-
२०७१/१०/०४	मनमाया गौतम	हेटौंडा-५ चिसापानी	४३७६१।-
२०७१/१०/१९	इदसाद आलम	हेटौंडा-२	१५५०७।-
२०७२/०२/०४	सिताकुमारी हमागाई	हेटौंडा-११ नवलपुर	३६४५०।-
२०७२/०२/२०	संजय दास	हेटौंडा-१ मेनरोड	१२४२२।-
२०७२/०३/२३	निरज राजवैद्य	-	२३२८५।-
२०७२/०४/२८	देवान सिंग लामा	हेटौंडा-५ सानोपोखरा	२८२११।-
२०७२/०९/२६	अमरवति शाक्य	हेटौंडा-१० टिसियनरोड	५८३२७।-
२०७३/०१/२३	राजनकुमार सेन्रिया	हेटौंडा-४	५९९७।-
२०७३/०२/१६	अमन भण्डारी	हेटौंडा-४	३६२०७।-
२०७३/०५/०३	सरिता पुलामी	हेटौंडा-५ पुष्पलालपार्क	५३३५८।-
२०७३/०७/०८	निता श्रेष्ठ	हेटौंडा-१ भिन्तुनापथ	४४५५१।-
२०७३/१२/२८	विजय कुमार थापा	हेटौंडा-२	६२५४५।-
२०७५/०१/२६	सोनिया परियार	हेटौंडा-१	१६३६१।-
२०७५/०१/१९	सुलेखा बानिया	हेटौंडा-१	५१७११।-
२०७५/०५/२५	केशव पौडेल	हेटौंडा-४	८५२५७।-
२०७५/०५/२८	शरिसबाबु कर्ण	हेटौंडा-५ भैरवरोड	५८३९२।-
२०७५/०६/१५	निसर्ग प्र. उपाध्याय	हेटौंडा-११	४५८८७।-
२०७५/०६/२८	मेनुका पौडेल	हेटौंडा-४	८७४५४।-
२०७५/१२/१५	सिकन्दर ठाकुर	हेटौंडा-१० मेनरोड	४३४४६।-
२०७५/१२/२५	अन्जु गुरुङ	हेटौंडा-५	६००००।-

सितु बचत तथा ऋण सहकारी संस्था लि.
भिन्तुनापथ-१, हेटौंडा

निःशुल्क सीप सिकौ आत्मनिर्भर बनौ

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा अन्तर्राष्ट्रिय मन्त्रालय
व्यावसायिक तथा सीप विकास तालिम केन्द्र
हेटौंडा, मकवानपुर

फोन नं. ०५७-५१२६१६, ०५७-५१२७२४

सीप विकास तालिम संचालनको लागि दरखास्त आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०३/२८ गते)

बागमती प्रदेश सरकार, श्रम, रोजगार तथा यातायात मन्त्रालय अन्तर्गत व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौंडा, नेपालद्वारा वस आ.व. २०७९/०८० को २०७९ साउन महिना देखि संचालन गरिने देहाय बमुलारका सीप विकास तालिमहरु संचालन गर्न/गराउन ईच्छुक स्थानीय तह/निकाय, गैर नाफामुलक, गैरसरकारी सामुदायिक संघ संस्थाहरुले प्रस्ताव फारम र व्यक्तिगत आवेदकहरुले आवेदन फारम भरी बुझाउन यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र वस केन्द्रमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । प्रशिक्षार्थीहरुबाट तालिम वापत कुनै शुल्क लिइने छैन र तालिम संचालनको लागी तालिम सामाग्री, मसिनरी औजार, उपकरण, खाजा खर्च तथा प्रशिक्षक बोक्ने यप सुविधा दिइने छैन ।

१. व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौंडा- ८ कमानेमा संचालन हुने तालिमहरु:

सि.नं	तालिमको विषय	तालिमको अवधि	संख्या	न्यूनतम शैक्षिक योग्यता	तालिम संचालन हुने स्थान	अन्तरवार्ता मिति	आवेदन फारम पाईने स्थान
१.	फरम्युलर सप्लायेयर	६ महिने/७३० कार्य घण्टा	-	१०/१२ उत्तिर्ण	केन्द्रको तालिम भवन कमाने	२०७९/०४/१२ गते बिहान ११ बजे देखी ५ बजे सम्म	व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौंडा मकवानपुरमा वाइने वा यस केन्द्रको वेब साईट (www.vocationtauda.bagamati.gov.np) बाट फर्म डाउनलोड गर्न सकिने छ ।
२.	ब्यूटिक मेकाप्किस	६ महिने/७३० कार्य घण्टा	-	८ कक्षा उत्तिर्ण	केन्द्रको तालिम भवन कमाने	२०७९/०४/१२ गते बिहान ११ बजे देखी ५ बजे सम्म	
३.	विद्युत उपाल वेसिक	३ महिने/३९० कार्य घण्टा	-	८ कक्षा उत्तिर्ण	केन्द्रको तालिम भवन कमाने	२०७९/०४/१२ गते बिहान ११ बजे देखी ५ बजे सम्म	
४.	केश श्रृगार तथा सौन्दर्य वेसिक	३ महिने/३९० कार्य घण्टा	-	८ कक्षा उत्तिर्ण	केन्द्रको तालिम भवन कमाने	२०७९/०४/१३ गते बिहान ११ बजे देखी ३ बजे सम्म	
५.	विनाई कटाई वेसिक	३ महिने/३९० कार्य घण्टा	-	८ कक्षा उत्तिर्ण	केन्द्रको तालिम भवन कमाने	२०७९/०४/१३ गते बिहान ११ बजे देखी ३ बजे सम्म	

तालिम लिन ईच्छुक उम्मेदवारहरुले पालना गर्नुपर्ने शर्तहरु:

१. प्रशिक्षार्थी आवेदन फारममा हालसालै खिचेको पासपोर्ट साइजको फोटो टासी नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि राखी २०७९/०४/१० गते (सो दिन बिदा परेमा भोलिपल्ट) सम्म केन्द्रमा पेश गर्नुपर्नेछ वा यस केन्द्रको ईमेल (vsdtchetauda@bagamati.gov.np) मा पठाउनु पर्नेछ । तालिमको अन्तर्वार्ताको लागी तोकिएको मितिमा व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौंडा- ८ कमाने मकवानपुरमा आफ्नो सक्कल कागजात सहित उपस्थित हुनुपर्ने छ ।

२. तालिममा छनौट भएका उम्मेदवारहरुको तालिम संचालन मिति नतिजा प्रकाशनको दिन तोकिने छ ।

३. तालिममा गरिब, विपन्न, दलित महिला, पिछडिएको वर्ग समुदाय, अपाङ्ग, जनआन्दोलनमा घाईते शहिद परिवार तथा एकल महिलालाई प्राथमिकता दिईनेछ ।

४. तालिम लिन ईच्छुक उम्मेदवारहरु शारिरीक र मानसिक रुपमा स्वस्थ र उमेर १८ वर्ष पूगी ४० वर्ष ननाघेको हुनुपर्नेछ । प्रशिक्षार्थीको छनौट अन्तर्वार्ताबाट गरिनेछ । एक समुहमा औसत १५-२५ जना प्रशिक्षार्थीहरुलाई सहभागी गराईनेछ ।

२. स्थानीय तह/निकाय, गैर नाफामुलक, गैरसरकारी सामुदायिक संघ संस्थाहरु संगको सहकार्यमा संचालन गरिने तालिमहरु:

सि.नं.	तालिमको विषय	तालिमको अवधि	संख्या	न्यूनतम शैक्षिक योग्यता	प्रस्ताव फारम पाईने स्थान
१.	केश श्रृगार तथा सौन्दर्य वेसिक	३ महिने/३९० कार्य घण्टा	-	८ कक्षा उत्तिर्ण	व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौंडा मकवानपुर ।
२.	प्लम्बिङ	३ महिने/३९० कार्य घण्टा	-	८ कक्षा उत्तिर्ण	
३.	बेत बाँस हस्तकला	३ महिने/३९० कार्य घण्टा	-	८ कक्षा उत्तिर्ण	
४.	इलेक्ट्रोनिक्स वर्गल	३ महिने/३९० कार्य घण्टा	-	१० कक्षा उत्तिर्ण	

तालिम सञ्चालन गर्न ईच्छुक निकाय वा संघसस्थाहरुले पालना गर्नुपर्ने शर्तहरु:

१. संघ संस्थाहरुले दर्ता प्रमाण पत्र, अध्यावधिक नविकरणको प्रमाण, समाज कल्याण परिषदमा आबद्धताको प्रमाण, पान नं. / मु.अ.क.दर्ता, स्थीकृत विधानको प्रतिलिपि संलग्न राखी संस्थाको अधिकारीक पदाधिकारीबाट लिखित अनुरोध पत्र सहित तोकिएको प्रस्ताव फारम शुल्क रु.२००।- तिरी यस व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौंडामाथि प्राप्त गर्न सकिने छ । सो प्रस्ताव फारम मिति २०७९/०४/१० गते सम्म (सो दिन बिदा परेमा भोलिपल्ट) कार्यालय समय भित्र प्रस्ताव फारम बुझाई सक्नु पर्ने छ । आवश्यक कागजातको प्रतिलिपी बैंगर प्रस्ताव फारम खरिद गर्न र बुझाउन पाइने छैन ।

२. तालिम सञ्चालन गर्न योग्य भई छनौट भएका संघसस्थामा हेटौंडा तालिम केन्द्रबाट तालिम सम्पन्न भएपछि फिर्ता हुने गरी तालिम सामग्री, तालिम उपकरण र सम्बन्धित विषयको प्रशिक्षक पठाइने छ । तालिम सञ्चालनका लागि आवश्यक थप व्यवस्थापन एवं तालिम कक्ष व्यवस्थापनका सुविधा संघसस्थाहरुले नै निःशुल्क उपलब्ध गराउनुपर्नेछ । प्रशिक्षार्थीहरु संग कुनै शुल्क लिन पाइने छैन ।

३. तालिम केन्द्र र छनौट भएका तालिम प्रदायक संघसस्थाहरुमा सञ्चालन हुने तालिमहरु ३ महिने/३९० कार्य घण्टा र ६ महिने/७३० कार्य घण्टा तालिमको हकमा दैनिक औसत ५-६ घण्टा तालिम सञ्चालन गर्नुपर्नेछ ।

नोट: यस केन्द्रको उक्त प्रकाशित सूचना बमोजिमका नियमित तालिमहरुको संचालन आगामी आ.व. २०७९-०८० को लागी स्वीकृत भई आए बमोजिमको तालिम मात्र संचालन हुने र स्वीकृत भई नआएका तालिम संचालन गर्न केन्द्र बाध्य नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।



गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

HETAUDA CITY HOSPITAL PVT.LTD.
Hetauda-1, Sub-metropolitan
Phone: 057-520315

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

S.No.	Designation	No.	Salary (Rs)	Min. Qualifications
1	Staff Nurse	Few	14000-18000	PCL/NHPC registered
2	CMA/ANM	Few	Negotiable	TSLC
3	Receptionist	Few	Negotiable	+2 completed

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना